मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**चट्याङ्को समयमा सतर्क रहौं ।**

चट्याङबाट बच्ने उपाय:

- बिजुली चम्केको बेला सतर्क रहने,
- विद्युतीय तरङ्ग टिप्न सक्ने फलाम, चिसो वस्तु नछुने,
- बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने,
- सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुक्खा ठाउँमा बस्ने,
- खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने,
- सकभर अग्लो स्थानमा नबस्ने,
- धातुका ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# बागमती प्रदेशभर सरकारी कामकाजमा तामाङ र नेपाल भाषा

साझाकुरा संवाददाता

हेटौंडा, २४ वैशाख/ बागमती प्रदेशमा सोमबारदेखि तामाङ र नेपाल (नेवारी) भाषा पनि सरकारी कामकाजको भाषाका रुपमा लागू भएको छ । बागमती प्रदेश सरकारले सरकारी कामकाजी भाषा ऐन कार्यान्वयन सुरु गरेको हो ।

काठमाडौंमा सोमबार औपचारिक रुपमा तामाङ र नेपाल भाषा सरकारी कामकाजको भाषा शुभारम्भ गर्दै प्रदेश सरकारी कामकाजी भाषा ऐन-२०८० कार्यान्वयन गर्ने भएको हो । बागमती प्रदेशको संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयको आयोजनामा नेवा: समुदायको राष्ट्रिय संगठन नेवा: देय् दबू र तामाङ समुदायको राष्ट्रिय संगठन तामाङ घेदुङको व्यवस्थापनमा काठमाडौंको बसन्तपुरमा औपचारिक कार्यक्रम गरी ऐन कार्यान्वयनको घोषणा गरेको हो ।



प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को प्रमुख आतिथ्यमा बिहान ८ बजे र्‍यालीसहित बसन्तपुर क्षेत्र परिक्रमा गरी औपचारिक कार्यक्रमको आयोजना गरिएको थियो । तामाङ र नेपाल भाषा सरकारी कामकाजमा लागू भएको दिनलाई प्रदेश सरकारले उत्सवको रुपमा लिएको छ । प्रदेश सरकारले सोमबार प्रदेशभर सार्वजनिक बिदा दिएको थियो ।

प्रदेश मन्त्रिपरिषद्को वैशाख १२ गतेको निर्णयबमोजिम नेपाली भाषाको अतिरिक्त तामाङ भाषा र नेपाल भाषालाई पनि बागमती प्रदेशमा सरकारी कामकाजको भाषाको रुपमा लागू हुने दिनमा सार्वजनिक बिदा दिने निर्णय गरेको थियो । प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालयले राजपत्रमा बिदा सूचना जारी गर्दै सरकारी कार्यालय भनिए पनि विद्यालयलाई सम्बोधन गरेको थिएन । सोमबार काठमाडौं महानगरपालिका, हेटौंडा उपमहानगरले मातहतका सबै विद्यालयमा सार्वजनिक बिदा दिने निर्णय गरेको थियो ।

प्रदेश सरकारी कामकाजको भाषा ऐन, शुभारम्भ तथा भाषा दिवसको कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानमन्त्री दाहालले संविधान अझै पूर्ण नरहेको बताए । नयाँ संविधानमा पहिचान र अधिकार स्थापित गर्न मुख्य रुपमा संघर्ष गर्दै आए पनि अझै पूर्णता पाउन नसकेको उल्लेख गरे । उनले इमानदार भएर संघर्ष गरे संविधानमा स्थापित गर्न बाँकी अधिकार क्रमश: स्थापित हुँदै जाने विश्वास व्यक्त गरे ।

प्रम दाहालले सबै उत्पीडित वर्ग, जाति र समुदायले असली प्रवृत्तिको पहिचान गरी पहिचान र अधिकारको राष्ट्रिय मुद्दा कार्यान्वयनमा ऐक्यबद्धता जनाउन आग्रह गरे । प्रधानमन्त्री प्रचण्डले नेपाली समाजको विशेषता र सामाजिक बनावटअनुसार सबै वर्ग, जाति, क्षेत्र, लैङ्गिक र समुदायको पहिचान तथा अधिकारका लागि आफूले संघर्ष गर्दै आएको बताए । प्रधानमन्त्री दाहालले भाषा आयोगमा नेवार समुदायलाई बुझेको दक्ष व्यक्ति राख्ने प्रतिबद्धता व्यक्त गरे ।

गत २०८० असोज २२ मा बागमती प्रदेशसभाबाट 'प्रदेश सरकारी कामकाजको भाषा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८०' पारित गरिएको थियो । कार्तिक २३ गतेका दिन प्रदेश राजपत्रमा प्रकाशित भएको थियो । राजपत्रमा प्रकाशित भएको १८० औं दिनमा ऐन कार्यान्वयनमा जाने कानुनी व्यवस्था रहेको छ । ऐनले नेपाल र तामाङ भाषालाई सरकारी कामकाजी भाषाको रुपमा प्रयोग गर्ने व्यवस्था गरेको छ ।

नेपाल एक बहुभाषिक, बहुसांस्कृतिक, बहुधार्मिक मुलुक रहेको र सांस्कृतिक बहुलतालाई संविधानले अंगिकार गरेको र भाषिक-सांस्कृतिक विविधतालाई व्यवस्थापन गर्न व्यवस्था परिवर्तन भएकाले ऐन कार्यान्वयन जरुरी रहेको प्रदेशका संस्कृति पर्यटन तथा सहकारी मन्त्री शैलेन्द्रमान बज्राचार्यले बताए । भाषा ऐन कार्यान्वयन घोषणापश्चात् बागमती प्रदेश सरकार मातहत र प्रदेशका ११९ स्थानीय तहको नाम ४ भाषामा लेखिने उनले बताए ।

उनका अनुसार कार्यालयको बोर्ड र लेटर हेडमा नेपाली, अंग्रेजी, तामाङ र नेपाल भाषामा नाम रहनेछ । संविधानको व्यवस्थालाई व्यवहारमा कार्यान्वयन गर्न भाषा आयोगको सिफारिसमा प्रदेश सरकारले पारित गरेको 'प्रदेश सरकारी कामकाजको भाषा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८०' जारी गरेको र यो ऐन सोमबारबाट लागू हुने मन्त्री बज्राचार्यले बताए ।

**हेटौंडामा पनि खुशियाली**

हेटौंडामा सरकारी कामकाजको भाषा ऐन २०८० कार्यान्वयनमा आएको अवसरमा खुशिलायी साट्दै र्‍यालीको आयोजना गरिएको छ ।

तामाङ र नेपाल भाषा दिवस मूल समारोह समिति मकवानपुरले र्‍याली गरेको हो । हेटौंडाको बुद्धचोकबाट सुरु भएको र्‍याली सीमाचोक, स्कुलरोड, पारिजातपथ, कान्तिराजपथ, मानसचोक हुँदै हेटौंडा-२ स्थित वनस्खण्डीसम्म पुगेर कोणसभामा परिणत भएको थियो । झाँक्री, नेवारी बाजा टोली र जातिगत संघ, संगठनका प्रतिनिधिको उल्लेखनीय सहभागिता रहेको थियो ।

कार्यक्रम नेवा: देय् दबु बागमती प्रदेश समितिका अध्यक्ष विष्णुगोपाल महर्जनको सभाध्यक्षता एवम् जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलानको प्रमुख आतिथ्यतामा भएको हो । कार्यक्रमको अवसरमा सभाध्यक्ष महर्जन र प्रमुख अतिथि घलानले नेवा: साँस्कृतिक संग्रहालयको पनि संयुक्त रुपमा शिलान्यास गरेका थिए ।

# प्रदेश युवा सम्मेलनको तयारी तीव्र

साझाकुरा संवाददाता

हेटौंडा, २४ वैशाख/ हेटौंडामा हुने प्रदेश युवा सम्मेलनको तयारी अन्तिम चरणमा पुगेको छ । सामाजिक विकास मन्त्रालयअन्तर्गतको प्रदेश युवा परिषद्को वार्षिक कार्यक्रमअन्तर्गत बैशाख २८, २९ र ३० गते प्रदेश युवा सम्मेलन हुँदैछ ।



हेटौंडामा हुने तीनदिने कार्यक्रममा बागमती प्रदेशका १३ जिल्लाका युवाको सहभागिता रहने प्रदेश युवा परिषद बागमती प्रदेशका कार्यकारी उपाध्यक्ष सन्तोष चौलागाईले जानकारी दिए । सम्मेलनमा २ सय भन्दा बढी १६ वर्षदेखि ३० वर्ष उमेर समूहका युवाको सहभागिता हुनेछ । 'सिर्जनशीलता र उद्यमशीलता प्रवर्द्धन: बागमतीमा युवा सशक्तीकरण' भन्ने नाराका साथ आयोजना हुने सम्मेलनमा युवाको ज्ञानसीप, सृजना र क्षमता अभिवृद्धि गर्ने उद्देश्यले कार्यक्रम आयोजना गर्न लागिएको कार्यकारी उपाध्यक्ष चौलागाईले बताए ।

युवा सम्मेलनमा शिक्षा कहाँ छ समस्या ?, नीति, राजनीति र समृद्धि, डिजिटल साक्षरता: प्रविधि, अवसर र सम्भावना, नवप्रवर्तन र उद्यमशीलता: नीति र निरन्तरता, विदेशमा आर्जित ज्ञान र सीप: देशमा लगानीको सम्भावना र मुख्यमन्त्रीसँग कुरालगायत विषयवस्तु छलफल गरिने छ । छलफलबाट निस्कर्ष निकाल्दै आगामी दिनमा युवाको बीचमा आगामी दिनमा रचनात्मक विषयवस्तु सञ्चालन गर्ने उनले बताए ।

युवा सम्मेलन पश्चात् २०८१ लाई सीप वर्ष घोषणा गर्ने तयारी गरिएको छ । 'युवा सीप वर्ष २०८१' घोषणा गरी प्रदेशका ५ हजार युवालाई सीपमूलक तालिम प्रदान गरी उद्यमशीलतातर्फ अग्रसर गराउने तयारी रहेको उपाध्यक्ष चौलागाईले बताए । सम्मेलनमा कलाकार राजेश हमाल, पत्रकार टीकाराम यात्री र विश्वनाथ कोइराला लगायतको सहभागिता रहने आयोजकले जनाएको छ । तीन दिनसम्म चल्ने कार्यक्रमका लागि १५ लाख बजेट विनियोजन गरिएको छ । कार्यक्रमका लागि २७ गते सहभागी हेटौंडा आइपुग्ने आयोजकले जनाएको छ ।

# २५ जना प्रहरीलाई ड्राईभिङ तालिम प्रदान

साझाकुरा संवाददाता

हेटौंडा, २४ वैशाख/ बागमती प्रदेश प्रहरी कार्यालयले हेटौंडामा प्रहरीका लागि संचालित ड्राईभिङ तालिमको समापन भएको छ ।

राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगंज, काठमाडौंको वार्षिक तालिम क्यालेण्डर अनुसार बैशाख २ गतेदेखि संचालन भएको १६ दिने आवासीय सवारी चालक (हलुका-हेभी) तालिम चौंथो समूहको आईतबार समापन गरिएको हो । बागमती प्रदेश प्रहरीप्रमुख प्रहरी नायवमहानिरीक्षक बिष्णुकुमार केसीको प्रमुख आतिथ्यमा अन्तरक्रियासहित तालिम समापन भएको प्रदेश प्रहरी कार्यालयले जनाएको छ ।



तालिममा बागमती प्रदेश प्रहरी कार्यालय तथा मातहत कार्यालयमा कार्यरत प्रहरी सहायक हवल्दार ६ जना र प्रहरी जवान १९ जना गरी जम्मा २५ जना पुरुष प्रशिक्षार्थीको सहभागिता रहेको थियो ।

# विद्यार्थीलाई शैक्षिक सामग्री सहयोग

साझाकुरा संवाददाता

हेटौंडा, २४ वैशाख/ लायन्स क्लब अफ हेटौंडा नारायणी मलले मनहरी गाउँपालिका-१ चकरीमा रहेको प्राथमिक विद्यालयमा अध्ययनरत विद्यार्थीलाई शैक्षिक सामग्री सहयोग गरेको छ ।

कक्षा ५ सम्म अध्ययनरत ९२ जना विद्यार्थीलाई शैक्षिक सामग्री सहयोग गरेको लायन्स क्लव अफ हेटौंडा नारायणी मलका सचिव तथा कार्यक्रम संयोजक जीवन छत्कुलीले जानकारी दिए । लायन्स क्लब अफ हेटौंडा नारायणी मलमा आबद्ध रहेका व्यक्तिहरुको सहयोगमा शुक्रबार विद्यालयमा पुगेर करिव २४ हजार रुपैयाँ बराबरको शैक्षिक सामग्री विद्यार्थीलाई हस्तान्तरण गरेका हुन् ।

लायन्स क्लब अफ हेटौंडा नारायणी मलका अध्यक्ष अशिस सुवेदीको अध्यक्षतामा भएको कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष कृष्णबहादुर लटौलाको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रममा विद्यालयका प्रधानाध्यापक गान्धिरा चौलागाई, लायन्स क्लवका सल्लाहकार प्रल्हाद मिश्र, पूर्वअध्यक्ष अञ्जन दाहालगायतको आतिथ्यता थियो ।

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

Education is the real treasure

ADMISSIONS OPEN FOR 2081
From Nursery to Grade 9



Scholarships
a feature of socially responsible institution ....

Madhav Raj Sumargi Memorial Scholarship based on Entrance Tests 189+Seats
Rup Chandra Bista "Thaha" Memorial Scholarship based on Students' Talent 108+Seats
Bishwakanti Kalawati Sumargi Scholarship based on Students' Rank 39+Seats

Hurry Up !
Seats are limited
Book your seat on time

HETAUDA ACADEMY
Residential Secondary School
Shahid Smarak, Nawalpur, Hetauda, Nepal
☎057-525548 ☎057-525547 ☎057-523547
www.hetaudaacademy.edu.np | info@hetaudaacademy.edu.np

**ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?**

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरू:

- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



सम्पर्क कार्यालय:
सितलमहल चोकबाट
ॐ हल जाने बाटोमा

प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल
के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

साझाकुरा

## हाम्रो कुरा

# विश्वविद्यालयको सम्पर्क कार्यालय

बागमती प्रदेश सरकारले हेटौंडामा बागमती विश्वविद्यालयको सम्पर्क कार्यालय स्थापना गरेको छ । प्रदेशको आफ्नै विश्वविद्यालय स्थापनाको तयारी थालिएको करिव एक वर्ष भयो । प्रदेश सरकारले प्रदेश उच्चशिक्षा ऐन बनाएको लामो समयपछि आइतबार विश्वविद्यालय सञ्चालनका लागि बागमती विश्वविद्यालयको सम्पर्क कार्यालय स्थापना गरेको हो । हेटौंडा उपमहानगरपालिका-८, कमानेस्थित शिक्षा निर्देशनालयमा मुख्यमन्त्री शालिकराम जम्कट्टेलले बागमती विश्वविद्यालय सम्पर्क कार्यालयको उद्घाटन गरेका छन् । जम्कट्टेलले लामो समयको गृहकार्यपछि विश्वविद्यालय स्थापना गर्ने योजनाले मूर्तरुप पाएको बताए । प्रदेश सरकारले स्थापना गरेको विश्वविद्यालय नयाँ मोडेलमा सञ्चालन हुने मुख्यमन्त्रीले दाबी गरेका छन् । पछिल्लो समय नेपालमा १२ कक्षा अर्थात विद्यालय तहको अध्यापन पूरा गरेपछि उच्चशिक्षाका नाममा विदेशिने विद्यार्थी संख्या बढेको छ ।

कतिपय विश्वविद्यालयमा विद्यार्थी न्यून हुन थालेका छन् । यस्तो अवस्थामा विश्वविद्यालय स्थापना गर्ने प्रयास चुनौतीपूर्ण पनि छ । प्रदेश सरकारले मकवानपुर बहुमुखी क्याम्पसलाई विश्वविद्यालयको रुपमा रुपान्तरण गर्ने योजना अघि सारेको छ । यो विश्वविद्यालयमा सरकारको कुनै हस्तक्षेप नहुने, यो स्वायत्त प्राज्ञिक संस्थाका रुपमा सञ्चालन हुने कुरा मुख्यमन्त्री जम्कट्टेलले बताएपनि यो असम्भव प्राय: देखिन्छ । उनले प्रदेशको एकल अधिकारको रुपमा रहेको प्रदेश विश्वविद्यालय स्थापना गर्न पाउने अधिकार कार्यान्वयनको प्रक्रिया सुरु गरिएको बताए । शिक्षामा कोटा प्रणालीविरुद्धमा प्रदेश सरकार रहेको उनको भनाई छ । विकासको महत्वपूर्ण पक्षमध्ये प्रादेशिक विश्वविद्यालय पनि एक हो । यसअघि बागमती विश्वविद्यालयको विधान तयार गरिएको छ । बागमती विश्वविद्यालयको केन्द्रीय कार्यालय हेटौंडामा रहने छ । जम्कट्टेलले सामाजिक विकास मन्त्रालयका सचिव डा. भिष्मकुमार भूसाललाई बोर्ड अफ ट्रस्टीको प्रमाणपत्र प्रदान गरे । बोर्ड अफ ट्रस्टीको प्रमाणपत्र प्रदान गरेसँगै बागमती प्रदेश विश्वविद्यालय स्थापना र सञ्चालनका लागि थप प्रक्रिया अगाडि बढाउन बाटो खुलेको छ । यसैगरी, बागमती प्रदेश सरकारले संरक्षक समिति (बोर्ड अफ ट्रष्टी) का अध्यक्षको कार्यकाल लम्ब्याउन उच्चशिक्षा ऐन-२०७८ संशोधनको तयारी गरेको छ । प्रदेश सरकारका सबै विश्वविद्यालयहरु छुट्टाछुट्टै संरक्षक समिति (बोर्ड अफ ट्रष्टी) को ढाँचामा सञ्चालन हनु कानुनी व्यवस्था छ । ऐनले समितिलाई विश्वविद्यालयको उच्च व्यवस्थापकीय अङ्गको रुपमा लिएको छ । आइतबार बसेको मन्त्रिपरिषद् बैठकले अध्यादेशबाट उच्चशिक्षा ऐन-२०७८ संशोधन गर्ने निर्णय गरेको सरकारका प्रवक्ता आन्तरिक मामिला तथा कानुनमन्त्री गंगानारायण श्रेष्ठले जानकारी दिए ।

समिति अध्यक्ष पूर्णकालीन पदाधिकारीको रुपमा कायम रहने व्यवस्था गरेको ऐनमा पदेन सदस्यबाहेक संरक्षक समितिको अध्यक्ष र सदस्यको कार्यकाल ६ वर्षको हुने व्यवस्था छ । तर, यो ऐनअनुसार मनोनित भएका संरक्षक समितिका पदाधिकारीको पहिलोपटक पदावधि कायम गर्न गोला प्रथाबाट दुई जनाको पदावधि २ वर्ष, तीन जनाको पदावधि ४ वर्ष र तीन जनाको पदावधि ६ वर्ष कायम हुने व्यवस्था छ । प्रदेश सरकारले यो व्यवस्थालाई संशोधन गरी समितिका अध्यक्ष र पदेन सदस्य बाहेकका पदाधिकारीको पहिलोपटक पदावधि कायम गर्दा गोला प्रथाबाट ५ जनाको पदावधि ४ वर्षको र ४ जनाको पदावधि ६ वर्ष कायम गर्न लागेको मन्त्री श्रेष्ठले जानकारी दिए । बैठकको निर्णयअनुसार प्रदेश सरकारको सिफारिसमा प्रदेशप्रमुखले अध्यादेश जारी गर्नेछन् भने संसद् अधिवेशन आह्वान गरी प्रदेशसभा बैठकमा अध्यादेश पेस गरिने छ । अध्यादेश जारी भएको ६० दिनभित्र प्रतिस्थापन विधेयक ल्याएर संसद्बाट पारित गर्नुपर्ने हुन्छ । विश्वविद्यालय, मानित विश्वविद्यालय र प्रतिष्ठान स्थापना हुने विश्वविद्यालय र प्रतिष्ठान छुट्टाछुट्टै संरक्षक समिति (बोर्ड अफ ट्रष्टी) को ढाँचामा सञ्चालन हुने एनेमा व्यवस्था छ । संरक्षक समिति गठनको तयारी गर को सरकारले पदाधिकारीको कार्यकाल लम्ब्याउन खोजेको हो । मन्त्री श्रेष्ठले ऐन संशोधन नगरेसम्म पदाधिकारी नियुक्त गर्न समस्या भएको बताए ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ बैशाख २६ गते बुधबार ८ मे २०२४ । औंसी, बैशाख कृष्णपक्ष । चौलागा ११४४ ने.सं. । सूर्योदय ५:२१, सूर्यास्त ६:४१ । माता सम्मान दिवस । कानून दिवस । रेडक्रस दिवस । चांगुनारायणमा छिन्नमस्ता किलेश्वोर मूलरथ जात्रा ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : स्वास्थ्य बिग्रन सक्ने | तुला | : निर्माण कार्यमा प्रगति |
| वृष | : रमाइलो गरी समय बित्ने | वृश्चिक | : सामाजिक काममा सफलता |
| मिथुन | : राजनीतिमा प्रगति हुने | धनु | : सन्तानबाट खुशी मिल्ने |
| कर्कट | : शारीरिक परिश्रम गर्नुपर्ने | मकर | : व्यापारमा केही हानी हुने |
| सिंह | : पढाइमा प्रगति हुने | कुम्भ | : शत्रु पराजित हुने |
| कन्या | : विश्वासमा संकट आउने | मीन | : मानसम्मान बढ्ने |

# नेपालका लागि कस्ता अनुसन्धान आवश्यक छन् ?



✍ राजेन्द्र पंगेनी

नेपालमा हामीले अनुसन्धान के हो र कसरी गरिन्छ भनेर अझै पनि राम्रोसँग आत्मसात् गर्न सकिरहेका छैनौं । हाम्रा लागि अनुसन्धान भनेको विद्युतीय सामग्रीहरू जडान गर्नु, कुनै मेसिन बनाउनु, कारखाना सञ्चालन गर्नु, ड्रोन उडाउनु जस्ता क्रियाकलाप मात्र हुने गरेका छन् । अनुसन्धान गर्नु भनेको अरूले नै बनाएको कुराको नक्कल गरेर त्यसकै नमूना बनाउनु त झन् हुँदै होइन ।

कुनै विषयमा अनुसन्धान गर्नु भनेको हाम्रो समाजमा उक्त विषयमा देखिएका समस्याको जरो पत्ता लगाउनु र त्यसको हल गर्ने उपाय सुझाउनु हो । अनुसन्धानको विषय उठान गर्नेदेखि त्यसको प्रक्रिया र नतिजा सबै तथ्यमा आधारित हुन्छन् । यसैगरी हामीले गर्ने अनुसन्धानहरूमध्ये कैयौं विषय कुनै समाज, देश तथा क्षेत्रका लागि मात्र विशिष्ट र मौलिक हुन्छन् ।

नेपालका कैयौं समस्या हाम्रा लागि मौलिक छन्, यसका लागि समस्या समाधानका मौलिक उपाय पहिल्याउने खालको मौलिक विषयमा अनुसन्धान गर्नुपर्ने हुन्छ । यो आलेखमा अनुसन्धानको खास मर्म र नेपालका लागि आवश्यक अनुसन्धान कस्ता हुन सक्छन् भन्ने चर्चा गरिनेछ ।

केही वर्षअघि हामीलाई कोभिडको महामारीले धेरै अप्ठ्यारोमा पार्‍यो । विश्वव्यापी रूपमा हाम्रो आपत्कालीन व्यवस्थापन अत्यन्त कमजोर रहेको देखियो । कोभिडको महामारीको उच्चतम विन्दुमा पुग्दासम्म पनि हामीले त्यति छिटो खोप लगाउन पाऔंला भनेर सोचेका थिएनौं ।

सुरुवाती अवस्थामा त कोभिड भएको हो वा होइन भनेर निदान गर्न सक्ने कुनै प्रविधि समेत थिएन । तर, त्यसको केही महिनामै कोभिड परीक्षण गर्न सक्ने प्रविधिको विकास भयो । त्यसपछि अझ बढी भरपर्दो र विभिन्न प्रकारका परीक्षण विधिहरू उपलब्ध भए । क्रमश: कोभिडका फरक-फरक प्रकारका खोपहरूको विकास भयो ।

प्रत्येक वर्ष हामीले इन्फ्लुएन्जा भाइरसको संक्रमणबाट बच्न लिने फ्लुको खोप जस्तै नियमित रूपमा कोभिडको खोप लगाउन सुरु गरेका छौं । यो विश्वका कैयौं राम्रा अनुसन्धान केन्द्रहरूमा भएको अनुसन्धानले सम्भव भएको हो । वैज्ञानिकहरू दिन-रात यसमा खटिए । संस्थाहरूदेखि सरकारले राम्रो अनुदानको व्यवस्था गरे र केही महिनाभित्रै कोभिडको टेस्ट गर्ने प्रविधि र कोभिड महामारी सुरु भएको लगभग एक वर्षभित्रमा यसको खोपको विकास गरे ।

नेपालमा भने कतिले कोका-कोलाको बोतलमा पानी र रंग मिसाएर आफूले जडीबुटीको प्रयोग गरी कोभिड-१९ को औषधि पत्ता लगाएको उद्घोष गरे । कतिले बेसार-पानीको सेवनले कोभिडलाई जित्न सकिने दाबी गरे । नेपालीलाई कोभिड-१९ ले असर नगर्ने, नेपालीको रोग प्रतिरोग क्षमता अत्यन्त राम्रो भएको, गाईको गहुँतले कोभिड निको हुने जस्ता कुनै वैज्ञानिक आधार नभएका कुराहरूबाट सामाजिक सञ्जाल भर्‍यौं । तर विज्ञान प्रविधिको विकास गरेका देशले यसको अनुसन्धानमा लगानी गरे, यसको परीक्षण विधि र उपचारको विकास गरे जसबाट पूरा विश्व लगायत हामीहरू पनि लाभान्वित छौं ।

कोभिडको असर अझै सकिएको छैन । विकसित राष्ट्रहरूले अहिले ‘लङ कोभिड’ को अनुसन्धान गरिरहेका छन् । कोभिडबाट संक्रमित भएका व्यक्तिहरूमा यसको असर रहिरहने देखिएकोले कोभिड भाइरसको संक्रमणले हाम्रो स्वास्थ्यमा पछिसम्म पर्न सक्ने असर पत्ता लगाउन र त्यसको निरूपण गर्न ‘लङ कोभिड’ को अध्ययनले सहयोग पुग्ने विश्वास गरिएको हो ।

हामीले कोभिडको खोप लगाउन पायौं भनेर ढुक्कसँग बस्दै गर्दा विकसित राष्ट्रहरू लङ कोभिडको अनुसन्धानबाट हाम्रो शरीरमा लामो समयसम्म रहिरहने प्रतिकूल असरको गहिरो अध्ययनमा लगानी गरिरहेका छन् र नयाँ तथ्यहरू बाहिर ल्याइरहेका छन् ।

अहिले नेपालमा ४०-५० प्रतिशत सटरहरू खाली भइरहेको समाचारहरू आइरहेका छन् । तर कुन शहर, प्रदेश वा जिल्लामा कति प्रतिशत सटरहरू खाली भइरहेका छन्, कुन प्रकारको व्यापारहरू सबैभन्दा प्रभावित छन् वा कुन प्रकारको र कुन ठाउँको व्यापारले राम्रो मुनाफा दिइरहेको छ ? व्यापार राम्रोसँग चल्न नसक्नुका कारण के हुन् ? जस्ता कुराहरू अन्य देशको अनुसन्धानले पत्ता लगाउन नसक्ने समस्या हुन् ।

यी समस्याहरू हाम्रा लागि मौलिक हुन्, र यसको उत्तर पत्ता लगाउनका लागि हामीले नै अध्ययन गर्नुपर्ने हुन्छ । यी प्रश्नहरूले हामीलाई हाम्रै देशका साना तथा मझौला व्यवसायहरूलाई अझ बलियो बनाउन र रोजगारी बढाउने नीति तर्जुमा गर्न ठूलो सहयोग गर्छ । त्यसैले अबका हाम्रा नीतिहरू अनुसन्धानको नतिजा र प्रमाणमा आधारित हुन् भन्ने गरिएको हो । केही वर्ष पहिला स्नायु चिकित्सक डा. उपेन्द्र देवकोटा पित्त थैलीमा देखिने कोलान्जियोकार्सिनोमा नामक क्यान्सरबाट बिते । यो क्यान्सर नेपाली र दक्षिण एशियामा प्रमुख ५ मध्येमा पर्छ तर अन्य विकसित देशमा यो क्यान्सर प्रमुख २० भित्र मात्र पर्छ । त्यसैले पित्त थैलीको क्यान्सर नेपाली वा दक्षिण एशियामा बढी हुनुमा कुनै वंशानुगत वा अन्य जीवनशैलीसँग सम्बन्धित कारण हुनुपर्छ ।

तर, भारतमा भैरहेको स-सानो अध्ययन बाहेक अझै पनि पित्त थैलीको अध्ययन राम्रोसँग गरिएको छैन । विकसित देशहरूमा पित्तथैली प्रमुख क्यान्सर नभएकोले उनीहरूले यो क्यान्सरको अध्ययनमा आफ्नो धेरै स्रोत खर्च गर्दैनन्, किनकि उनीहरूको प्राथमिकतामा अन्य रोगहरू लगायत अरू नै प्रकारको क्यान्सरहरू छन् । त्यसैले पित्त थैलीको क्यान्सरको अनुसन्धान नेपालको लागि अत्यन्त महत्वपूर्ण हुने भएकोले हाम्रो प्राथमिकता पित्तथैलीको क्यान्सरको अनुसन्धान गरेर यसको रोकथाम, परीक्षण र उपचार विधिको विकास गर्नु हो । यसका लागि सरकारले आफ्ना देशका नागरिकमा भएको रोगहरूको स्थिति हेरेर त्यसै अनुसारको अनुदान छुट्याउने र अनुसन्धान गर्ने नीति लिनुपर्ने हो ।

केही दशकदेखि नेपालीहरू खाडी मुलुकमा रोजगारीको लागि गइरहेका छन् । खाडीमा रोजगारी गरेर रेमिट्यान्स पठाउने एउटा सिंगो पुस्ता बनिसकेको छ । खाडी मुलुकमा रोजगारी गर्न जाने अधिकांशले धेरै वर्ष चर्को घाम र प्रतिकूल अवस्थामा काम गरिरहेका छन् । कैयौं युवाले ज्यान गुमाएर उनीहरूको लास फिर्ता आएको हामीले देखिरहेका छौं ।

सन् २०२३ मा खाडी मुलुकबाट फर्केका ६० जना र वैदेशिक रोजगारीबाटै फर्केका धनुषा जिल्लाका ७१८ जना नेपालीमा गरिएको अध्ययनमा उनीहरू मोटोपन, मिर्गौला रोग, उच्च रक्तचाप, रुघाखोकी, न्यूमोनिया, ढाड-दुख्ने जस्ता शारीरिक र अन्य मानसिक स्वास्थ्यको समस्याबाट गुज्रिरहेको देखिएको छ । यो अत्यन्त सानो र सीमित जनसंख्यामा गरिएको अध्ययन हो ।

यसकारण छुटेको अर्को महत्वपूर्ण पाटो के छ भने हामीले खाडी मुलुकमा काम गरेर फर्केका नेपालीको समष्टिगत स्वास्थ्य स्थिति र उमेर बढ्दै गएपछि उनीहरूमा देखिएको जोखिमबारे गतिलो अनुसन्धान गर्न ढिलो भइसकेको छ । सन् १९६९ मा भियतनाम युद्धमा धेरै सैनिकको मृत्यु मलेरिया रोगको कारणले भएपछि चिनियाँ सरकारले मलेरियाको अनुसन्धान सुरु गर्‍यो । अनुसन्धान टोलीमा चिनियाँ महिला वैज्ञानिक तुयुयु पनि थिइन्, जसले जडीबुटी प्रयोग गरी परम्परागत चिनियाँ औषधिकै प्रयोग गरेर मलेरियाको औषधि बनाउने अनुसन्धान गरिन् । तिनै वैज्ञानिक तुयुयुले सन् १०१५ मा नोबेल पुरस्कार प्राप्त गरिन् ।

यी माथिका उदाहरणको सार के हो भने, कुनै पनि देशमा सरकारी तहबाटै फराकिलो र दिगो सोच राखेर देशकै समस्याहरू हल गर्नका लागि अनुसन्धान सुरु नगर्ने हो भने विज्ञान, प्रविधि र इनोभेसनको यो युगमा देशले अहिलेको बदलिंदो विश्वसँग प्रतिस्पर्धा गर्न असम्भव नै छ । साथै नेपालमा अहिले अधिकांश हामीले सोचे जस्तो अन्य देशमा विकास भइसकेको विद्युतीय उपकरणको सानो नमूना बनाएर त्यसलाई नै आविष्कार मान्ने सोचलाई परिवर्तन गर्न जरूरी छ । विज्ञान र प्रविधि बाहेक पनि हाम्रो देशका रीतिरिवाज, संस्कृति, कला, साहित्यदेखि वातावरण, कुपोषण, सडक दुर्घटना, लैंगिक विभेद जस्ता अन्य कैयौं विधामा अनुसन्धानको खाँचो छ । अनुसन्धानबाट आएको निचोडको आधारमा हाम्रा नीति तर्जुमा गर्न सक्यौं भने मात्र हाम्रा नीति र विधिहरू समयसापेक्ष र जनमैत्री हुनेछन् ।

*(साभार: अनलाइनखबर)*

# संघीयता सुदृढीकरणमा मुख्य न्यायाधिवक्ताको भूमिका

✍ डिबी भण्डारी

सोझो अर्थमा संघीयता सहमतीय व्यवस्थाको विकेन्द्रीकृत रुप हो । शक्ति र अधिकारलाई सैद्धान्तिक मात्र नभई संस्कारगत हिसाबले स्थापित निकायहरुबीच प्रत्यायोजित हुन सकेमा संघीय व्यवस्था सफल भएको मानिन्छ । संसारमा देशको बनोट, परिस्थिति एवं संरचनाबमोजिम विभिन्न संघीयताका अभ्यासहरु प्रचलनमा छन् ।

नेपालको सन्दर्भमा संघीय विचार उत्पत्तिका हिसाबमा कुनै राजनीतिक दल यसको लायक होइनन् । वास्तविकरुपमा हेर्दा यो आवश्यकताको विषय थियो वा तत्कालीन परिस्थितिको उपज । यसमाथि बहस, तर्क र प्रमाणहरु पेस गर्न सकिन्छ । जे होस्, यो अवधारणाउपर बहस र आन्दोलन छेडिएको समय भने वृस्तृत शान्ति-सम्झौतापछि हो अर्थात् संघीयताको वास्तविक बीजारोपण २०६३/०६४ साल र त्यसपछि भएको मधेस आन्दोलन नै हो । शुरुमा मधेस केन्द्रित दलहरुको एजेन्डा बनेको संघीयता दोस्रो संविधानसभाबाट संविधान निर्माण भइसक्दा यो राष्ट्रिय सहमतिको विषय मात्र होइन, संघीय प्रणाली नै संविधानको जग बन्न पुग्यो । संविधानबमोजिम नेपालको शासन प्रणाली विकेन्द्रीकृत भएको छ ।

तथापि व्यावहारिकरुपमा कार्यान्वयनका अनेक अड्चनहरु विद्यमान छन् । राज्यको कार्यपालिकीय, व्यवस्थापकीय एवं न्यायिक शक्तिको विभाजन भए पनि व्यावहारिकरुपमा तीन तहको अधिकार विकेन्द्रीकरण र समन्वयको अभाव समस्याको रुपमा देखिएको छ ।

**मुख्य न्यायाधिवक्ता पद र भूमिका :**

जसरी राज्यलाई जटिल प्रकृतिका संवैधानिक, सार्वजनिक सरोकारका विषयहरुमा राय, सल्लाह, सुझाव एवं प्रतिरक्षाका लागि उच्च सरकारी अधिकारीको व्यवस्था गरिएको हुन्छ, त्यसरी नै संघीय शासन प्रणाली अवलम्बन गरेका प्रदेशहरुमा प्रदेशको सरोकार र अधिकार भएका मुद्दाहरुमा प्रदेश सरकार र अन्य सरकारी अधिकारीहरुलाई राय, सल्लाह, सुझाव एवं प्रतिरक्षा गर्न महान्यायाधिवक्ता मातहत रहने गरी स्थापना गरिएको संवैधानिक दायित्वको व्यावसायिक पद मुख्य न्यायाधिवक्ता हो ।

नेपालको संविधानको धारा १६० बमोजिम उच्च अदालतको न्यायाधीश हुन योग्यता भएको व्यक्तिलाई सम्बन्धित प्रदेशको मुख्यमन्त्रीको सिफारिसमा प्रदेश प्रमुखले मुख्य न्यायाधिवक्ताको नियुक्ति गर्ने प्रावधान छ । संविधानबमोजिम हेर्दा उक्त पद प्रदेश सरकारको कानुनी सल्लाहकार हो । मुख्य न्यायाधिवक्तालाई पदप्रति जवाफदेही र उत्तरदायी बनाउन सबै प्रदेश सरकारहरुले मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकारसँग सम्बन्धित कानुनहरु बनाइसकेका छन् । यो सरकारी एवं कार्यकाल मुख्यमन्त्रीको इच्छा र कार्यकालमा निर्भर रहने संवैधानिक पदसमेत हो ।

**शासन प्रणाली सशक्त बनाउन भूमिका :**

कुनै पनि सरकारी निकाय वा पदाधिकारीको पद त्यो देशको शासन प्रणाली र संरचनालाई थप सशक्त बनाउन मद्दत गर्नु हो । संघीय शासन प्रणाली अवलम्बन गर्ने राष्ट्रहरुको सम्बन्धमा मुख्य न्यायाधिवक्ताको प्रमुख भूमिका संविधानबमोजिम प्रादेशिक आत्मनिर्णयको अधिकारलाई न्यायालयमा प्रतिरक्षा गर्नु र प्रदेशको कार्यगत स्वतन्त्रता एवं संघीयतालाई थप सशक्त बनाउनु हो । नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तहबीच सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित संघीय शासन व्यवस्था आत्मसात् गरेको छ । त्यसका लागि संविधान, संघीय कानुन, स्थापित न्यायिक मूल्य र मान्यताका आधारमा संघीयताको प्रभावकारी सुदृढीकरणमा मुख्य न्यायाधिवक्ता एक महत्वपूर्ण अंगको रुपमा रहेको छ । प्रदेश कानुनबमोजिम मुख्य न्यायाधिवक्ताले सम्पादन गरेको वार्षिक काम कार्यवाहीको प्रतिवेदन प्रदेश प्रमुखसमक्ष पेस गर्नुपर्ने व्यवस्था छ, जसले उक्त कार्यालयले संघीयताको सुदृढीकरणमा खेलेको भूमिका, कानुनी शासन कायम गर्न भएका प्रयास र उल्लेख गरेका सुझावहरुले महत्वपूर्ण भूमिका खेलेका छन् ।

**स्वयं प्रदेशको प्रतिरक्षा गर्ने भूमिका :**

मुख्य न्यायाधिवक्ता प्रदेश सरकारसँग बढी सम्बन्धित भएकोले प्रदेश तहका मुद्दाको प्रतिरक्षा, प्रदेशलाई अधिकार सम्पन्न गराउनमा मद्दत गराई संघीयतालाई प्रभावकारी बनाउन अहं भूमिका हुन्छ । प्रदेश सरकारवादी वा प्रतिवादी भएको, कानुन संविधान वा सार्वजनिक सरोकार भएको प्रश्न वा मुद्दामा कानुनी राय दिनु र प्रतिरक्षा गर्नु मुख्य न्यायाधिवक्ताको प्रमुख कार्य हो । यसका अलावा मुख्य न्यायाधिवक्तालाई प्रदेशको हकहित र सरोकार भएको विषय तथा हकहितमा असर पार्ने आदेश वा निर्णयविरुद्ध नेपालको जुनसुकै अदालत, न्यायिक निकाय वा अधिकारीसमक्ष उपस्थित भई प्रतिरक्षा वा राय दिने वा प्रचलन गराउने भूमिका पनि रहन्छ । निजले प्रदेशको सरोकार वा प्रदेश अधिकारसँग सम्बन्धित मुद्दाहरु दायर गर्नुपरेमा कानुन व्यवसायी तथा सरकारी वकिललाई तोक्ने र सहयोग लिन पाउने अधिकारसमेत छ । मुख्य न्यायाधिवक्ता प्रदेश कानुन मस्यौदा समितिको सदस्य, प्रदेश प्रोवेसन तथा प्यारोल बोर्डको अध्यक्ष, प्रदेशस्तरीय फैसला कार्यान्वयन समितको स्थायी आमन्त्रित सदस्यलगायतका दर्जनौं पदहरुमा रही काम गर्न सक्ने व्यवस्था छ ।

**संघीयताप्रति विश्वासको वातावरण तय गराउन अहं भूमिका :**

मुख्य न्यायाधिवक्ताले संघीयतालाई थप सशक्त र प्रभावकारी बनाउन तथा नयाँ संरचनाबमोजिम प्रदेश सरकारलाई कानुन निर्माणका लागि मस्यौदा, विधेयक, कार्यविधि निर्माणमा भरपूर सहयोग गर्न सक्छ । प्रदेशको अधिकार स्थापित गर्न संविधानले प्रत्यायोजित गरेको अधिकार क्षेत्रलाई न्यायालयबाट प्रचलन गराउन सक्छ । वर्तमान सन्दर्भमा प्रदेश संरचनाउपर देखिएको अविश्वासहरुलाई निराकरण गर्न उक्त प्रचलनले सहयोग गर्छ । विभिन्न प्रदेशका मुख्य न्यायाधिवक्ता कार्यालयहरुले प्रदेशलाई आवश्यक पर्ने कानुनको निर्माण गर्न समय-समयमा विभिन्न गोष्ठी, सम्मेलन र कार्यक्रमहरु गरी सामूहिक प्रतिबद्धता जनाएका छन्, जुन संघीयताको सुदृढीकरणका निमित्त महत्वपूर्ण प्रयाससमेत हो । जस्तै- आम नागरिकलाई संघीय शासन प्रणालीप्रति विश्वास जगाउन तथा सर्वसाधारण नागरिकलाई न्यायमा पहुँच विस्तार गर्न मधेस प्रदेश मुख्य न्यायाधिवक्ताको कार्यालयले प्रदेश कानुनी सहायता अधिकृतको व्यवस्था गरेको छ, त्यस्तै समुदायमा मुख्य न्यायाधिवक्ता कार्यक्रम ।

**कानुन निर्माण र समन्वयको भूमिका :**

संविधान र प्रदेश कानुनको मर्म बमोजिम संघीयतालाई थप प्रभावकारी एवं सशक्त बनाउन स्थानीय तहका कानुन निर्माण प्रक्रियामा सहजीकरण गर्ने, प्रदेशसभाले निर्माण गरेको कानुनको प्रभावकारी कार्यान्वयनका लागि अदालत तथा बार एसोसिएसनबीच प्रदेश कानुन अभिमुखीकरण कार्यक्रम, प्रदेशको एकल अधिकार र सरोकारका विषयमा कानुन निर्माण गर्दा एकरुपता कायम गर्ने, साझा अधिकारको सूचीअन्तर्गतका विषयको कानुन कार्यान्वयनका सन्दर्भमा अन्तरप्रदेश अनुभव आदानप्रदान कार्यक्रमको माध्यमद्वारा सबै प्रदेशबीच एकरुपता र समन्वय कायम गर्नेजस्ता भूमिकाहरु रहन्छन् । मुख्य न्यायाधिवक्ताले संविधानबमोजिम प्रदेशको अधिकार रहेको पिषयमा कानुन बनाउनुपर्ने वा संशोधन गर्नुपर्ने आवश्यकता देखेमा त्यसको कारण एवं आधार खुलाई सरकारलाई सिफारिस गर्न सक्दछ । त्यसै गरी संघीयता कार्यान्वयन वा अधिकार क्षेत्रसँग सम्बन्धित विवादहरुमा सर्वोच्च अदालत वा अन्य निकायहरुले गरेको आदेश वा फैसलाको कार्यान्वयन र अनुगमन गराउने भूमिकासमेत रहन्छ ।

**संवैधानिक जटिलता निराकरणमा खेलेका विभिन्न भूमिका :**

संविधानमा मुख्य न्यायाधिवक्ता महान्यायाधिवक्ता मातहत रहने प्रावधान गरिएको छ । संविधानको धारा १६० को उपधारा ६ बमोजिम मुख्य न्यायाधिवक्ताको कार्यालय अन्तर्गतका कर्मचारीहरुको व्यवस्थापन महान्यायाधिवक्ताको कार्यालयले र उपधारा ७ बमोजिम मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार प्रदेश कानुनबमोजिम हुने व्यवस्था छ । पूर्वाधारदेखि कर्मचारी व्यवस्थापनसम्म संघीय सरकारकै भर पर्नुपर्ने बाध्यता छ । यो व्यवस्थाले आफैंमा अन्योलता सिर्जना गरेको छ, मुख्य न्यायाधिवक्ताको काम कार्यवाही प्रदेश कानुनबमोजिम हुने भएपछि निज मातहतका कर्मचारीको व्यवस्थापन किन महान्यायाधिवक्ताले गर्ने ? धारा १५६ बमोजिमको प्रदेश न्यायसेवा आयोगको काम के हो ? मुख्य न्यायाधिवक्ता कार्यालयका कर्मचारीको व्यवस्थापन उक्त आयोगबमोजिम गर्दा संघीयताको मर्मबमोजिम हुने थियो कि ! सो सम्बन्धमा प्रदेश न्याय सेवा आयोगसम्बन्धी कानुन बनाई मुख्य न्यायाधिवक्ताको भूमिकालाई थप सशक्त बनाउन आवश्यक छ । संविधानको प्रावधानलाई सरसर्ती हेर्दा मुख्य न्यायाधिवक्ताको व्यवस्था कुनै पनि सिद्धान्त वा सैद्धान्तिक धरातलविना संविधानमा राखिएको जस्तो छ । जबर्जस्त महान्यायाधिवक्ताको मातहतमा रहने व्यवस्था तथा त्यसपछाडिका अन्य प्रावधान आफैंमा प्रदेश कानुनसँग बाझिने खालका छन् ।

संघ र प्रदेशबीचको मुद्दामा कसरी सन्तुलन कायम गर्ने ? उच्च सरकारी वकिल कार्यालय र अदालतबीच कसरी समन्वय गर्ने ? जस्ता अन्योलतामा संविधान र कानुन अल्झिएको छ । अझ कतिसम्म भने संविधानले चिनेको उक्त पदलाई प्रदेश कानुनबमोजिम बाहेक अरुले चिनेको छैन । संविधान र कानुनमा के स्पष्ट हुन जरुरी छ भने, संघीय न्यायिक जटिलताको व्यवस्थामा न्याय सेवा आयोग र प्रदेश जनशक्तिको व्यवस्थापन प्रदेश न्याय सेवा आयोगबमोजिम भएमा संघीयताको सिद्धान्त अनुकूल हुन्छ । यस्ता देखिएका जटिलतालाई संविधानको मर्मबमोजिम बनाउन मुख्य न्यायाधिवक्ताहरुले समय-समयमा निकालेका निष्कर्षहरु हेर्दा भए/गरेका संवैधानिक प्रावधान र अधिकार क्षेत्रको सही तरिकाले बाँडफाँड भएमा मात्र निजहरुले प्रभावकारी कार्यसम्पादन गर्ने देखिन्छ ।

यस अर्थमा उनीहरुको भूमिका र सरोकार दोस्रो विषय हुन जान्छ, पहिलो विषय भनेको पर्याप्त कानुन निर्माण र स्वतन्त्र सरकारी निकायको रुपमा स्थापित हुन खोज्नु हो । जस्तो कि संघीय फौजदारी कानुनको अभियोजन महान्यायाधिवक्ताबाट हुन्छ भने प्रदेश कानुनले सिर्जना गरेको फौजदारी कानुनको अभियोजन मुख्य न्यायाधिवक्ताबाट हुनुपर्छ । संविधानले प्रदेश प्रहरीको व्यवस्था गर्ने अनि अनुसन्धानपछि मुद्दा सरकारी वकिलले चलाउने कसरी हुन सक्छ ? फिलिपिन्स, अर्जेन्टिनालगायतका देशहरुमा भएको अभ्यासलाई सन्दर्भको रुपमा लिन उपयुक्त देखिन्छ ।

**निराकरणका प्रयासहरू :**

संविधानमा भएको असमान प्रावधानलाई सम्बोधन गर्न मुख्य न्यायाधिवक्ताहरुले समय-समयमा विभिन्न प्रयासहरु गरेका छन् । २०७५ भदौ १५ गते पोखरामा सञ्चालित सातै प्रदेशका मुख्य न्यायाधिवक्ताहरुको राष्ट्रिय सम्मेलन र अन्तरक्रिया कार्यक्रम तथा २०७९ भाद्र ६ मा बुटवलमा सातै प्रदेशका मुख्य न्यायाधिवक्ताहरुले ११ बुँदे सामूहिक प्रतिबद्धता जारी गर्दै प्रदेश सरकारको अधिकार व्यावहारिकरुपमा स्थापित गराउन प्रदेश प्रहरी कर्मचारी समायोजन तथा भर्नासम्बन्धी मुद्दा, संघ, प्रदेश र स्थानीय तहको अधिकार र अन्तरसम्बन्धसम्बन्धी मुद्दाहरु, वन ऐन खारेजी तथा वनसम्बन्धी मुद्दाहरुको पैरवी र प्रतिरक्षा सामूहिकरुपमा गर्ने प्रतिबद्धता व्यक्त गरिएको थियो । जसले संघीयतालाई सशक्त र प्रभावकारी बनाउन महान्यायाधिवक्ता र कानुन मन्त्रालयसँग समन्वय गर्ने निर्णयसमेत गरेको थियो ।

*(साभार: नेपाल समाचार-पत्र)*

# टुँडिखेलको सीप मेला, तालिमसँगै जागिरको अवसर



काठमाडौं/लामो समयदेखि क्याटरिङमा काम गरेर जीविका चलाउँदै आएका क्षेत्रपाटीका बालकृष्ण मानन्धर सोमबार टुँडिखेलमा भेटिए । ६० वर्ष लागिसकेका मानन्धरले काठमाडौं महानगरपालिकाले आयोजना गरेको सीप मेलामा 'कुक' तालिम लिन फारम भरेका छन् ।

'यत्रो वर्ष क्याटरिङमा काम गरियो । खाना पकाउन पनि अलिअलि जान्छु, अब यहाँ आएर कुक तालिम लिन पाइयो भने काम पनि राम्रो पाइएला', आफूले भरेको फारम देखाउँदै मानन्धरले भने, 'मेरा दुई जना छोरा पनि आउँदैछन्, उनीहरुको पनि भरिदिने हो ।'

महानगरले २०८१ जनालाई सीप र ५ हजार जनालाई रोजगारी दिने लक्ष्य राखेर १९ वैशाखदेखि टुँडिखेलमा सीप मेला आयोजना गरेको छ । मेलाको छैठौं दिन सोमबार पनि आफ्नो रुचिअनुसारको सीप सिक्न आवेदन दिनेको कमी थिएन ।

चर्को घाममा भर्खरै माध्यमिक तहको पढाइ सकेकादेखि ६० वर्ष पुगिसकेकाहरु पनि आफ्नो पालो पर्खेर बसेका थिए । त्यही पंक्तिमा थिइन्, बसुन्धराकी अस्मिता योञ्जन । सिलाइ कटाइसम्बन्धी तालिम लिने सोचाइसहित योञ्जन टुँडिखेलमा आएकी हुन् । ११ बजेतिर टुँडिखेल आएकी उनी करिब २ घण्टा लाइनमा उभिँदा पनि पालो आएको थिएन ।

महानगरका कर्मचारीले फारम सकिएको भन्दै केही समय पर्खिन आग्रह गर्दै थिए । 'फेसबुक चलाउँदै गर्दा बालेन दाइको पोस्ट हेरेर आएको हुँ' योञ्जनले भनिन्, 'सिलाइ कटाइसम्बन्धी बेसिक ज्ञानचाहिँ छ । अलि एडभान्स लेबलको सिक्न पाएँ भने आत्मविश्वास पनि बढ्थ्यो । आफैंले व्यवसाय चलाउन पनि हुन्थ्यो ।'

टोखाबाट टुँडिखेल सीप मेलामा आएकी सजिना महर्जन पनि सौन्दर्यसम्बन्धी तालिम लिएर आत्मनिर्भर बन्न चाहन्छिन् । 'अहिले नै विदेश जाने सोच छैन, तर देशमा बस्नै सकिएन र विदेश जानु परे हातमा कम्तीमा एउटा सीप त हुन्छ नि !' उनले सुनाइन् ।

### तालिम लिन चाहनेमा देशैभरिकै मानिस

प्यूठानकी जुना घर्तीले ३ वर्षदेखि कपिलवस्तुमा 'जुना ब्युटिपार्लर' चलाउँदै आएकी छन् । पछिल्लो समय उनको पार्लरमा साधारण मेकअपमात्रै होइन, नङमा विभिन्न थरि कला भर्न खोज्नेहरु आउन थालेका छन् । जुनाले बुझिसकेकी छन्, अब व्यवसाय अझै राम्रोसँग चलाउने हो भने नेल आर्ट पनि सिक्नैपर्छ ।

कपिलवस्तुमा त्यो तालिम लिन सम्भव छैन । समय मिलाएर उनी नेल आर्ट सिक्न काठमाडौं आएकी छिन् । काठमाडौंकै एउटा तालिम दिने संस्थामा १ हजार रुपैयाँ दिएर फारम पनि बुझाइसकेकी छिन् । एडभान्स तहको तालिम भएकाले करिव १ लाख रुपैयाँसम्म खर्च लाग्न सक्ने उनको अनुमान छ ।

'त्यहीबेला काठमाडौंले फ्रीमा मैले खोजेकै तालिम दिन लागेको थाहा पाएँ', जुनाले खुसी बाँडिन्, 'यता (महानगर) अनलाइन फर्म भरेको, सेलेक्ट पनि भइहालें ।'

जुनासँगै बर्दियाकी आरती घिमिरे पनि नेल आर्टकै तालिम लिन आएकी थिइन् । काठमाडौंका मेयर बालेन शाहले राखेको सीप मेलासम्बन्धी पोस्ट हेरेर आफन्तले तालिममा भाग लिन सुझाएका थिए । 'मेकअपसम्बन्धी रुचि पनि थियो । त्यसमा नेल आर्टको तालिम पनि देखेर यसैमा आ'को', उनले भनिन् ।

सुनसरीकी शान्ति कटवाल र बबिता लिम्बु बारिस्टा तालिम लिने चाहनासहित सोमबार टुँडिखेल पुगेका थिए । तर फारम सकिएकाले आवेदन दिनै पाएनन् । अब भोलि आउने उनीहरुले बताए ।

### सीप मेला अर्थात् आशाको ज्योति

सीप मेलामा आएका युवायुवती औपचारिक पढाइ सकिँदा पनि रोजगारी नपाएको गुनासो गरि रहेका थिए । तर महानगरले आफैं रोजगारी दिने र सीप पनि सिकाउने उद्देश्यसहित मेला आयोजना गरेपछि धेरै जना आशावादी देखिन्थे ।

'अहिलेसम्म त बेरोजगार छु । यहाँ मोबाइल बनाउने तालिम लिन आएको हुँ । कम्प्युटर बनाउने तालिम पनि लिन पाए कस्तो राम्रो हुन्थ्यो', मेलामै भेटिएका अनिल सिंहले भने, 'हातमा सीप भए यतै जागिर पाइएला, विदेशै गए पनि दु:ख नपाइएला नि !'

रेफ्रिजेरेटर बनाउने तालिम लिइरहेका स्वयम्भूका स्वागत काफ्ले पनि सीप मेलाबाट उत्साहित देखिन्थे । आफू टेक्निकल लाइनमै रुचि भएको र नि:शुल्क सिक्न पाउँदा आफू आशावादी भएको उनले सुनाए । 'तालिम दिँदैछ भन्ने साथीहरुबाट सुनें । सीप सिक्ने आफ्नै लागि त हो नि ! राम्रै भइराखेको छ', उनले भने ।

धनगढीकी सुस्मिता सिंह पनि काठमाडौंमा नि:शुल्क सिलाइकटाइ तालिम लिन पाउँदा दंग थिइन् । 'घरमा सिलाइकटाइ थियो । मेसिन चलाउन त अलिअलि आउँछ', उनले भनिन्, 'यहाँबाट सिकेर गएपछि त आफ्नै खोल्न झन् सजिलो हुने भयो ।'

### मेलामा तालिमसँगै जागिर पनि

काठमाडौं महानगरले मेलामा सीप सिकाउने मात्रै होइन, सिपालुहरुलाई जागिर दिने पनि गरिरहेको छ । कर्मचारी आवश्यकता रहेका विभिन्न संघसंस्था र व्यवसायीसँग समन्वय गरेर रोजगारी मिलाइदिएको छ ।

सीप मेलाको मुख्य तालिम केन्द्र प्रवेश गर्ने गेटमा एकातिर तालिमका लागि फारम बुझाउने र अर्कोतिर रोजगारका लागि नाम टिपाउने डेस्क छुट्याइएको थियो । महानगरले स्थापना गरेको श्रम डेस्कले सम्भावित रोजगारदाता र रोजगारी गर्न चाहनेहरुको नाम टिपोट गर्दै आएको छ ।

मेलाबाटै करिब ५ हजारलाई रोजगारी दिने लक्ष्य राखिएको महानगरले स्थापना गरेको श्रम बैंककी कर्मचारी लक्ष्मी कुइँकेलले जानकारी दिइन् । '५/६ सयलाई त जागिर नै मिलाइदिइसक्यौं', कुइँकेलले भनिन्, '३ हजारभन्दा बढीले फर्म भर्नुभएको छ । हामी पनि रोजगारदातासँग भेट गराइ रहेका छौं ।'

श्रम बैंकबाट रोजगारी पाएकामध्ये ५० जनाभन्दा बढी शारीरिक रुपमा अपांग भएकाहरु रहेको कुइँकेलले जानकारी दिइन् । उनका अनुसार सबैभन्दा बढी सरसफाइसम्बन्धी काम, इलेक्ट्रिसियन, ड्राइभिङमा माग हुँदै आएको छ ।

श्रम बैंककै अर्की कर्मचारी मनिषा चौधरीले रोजगारी दिलाउँदा भने काठमाडौं महानगर वासीलाई पहिलो प्राथमिकता दिइएको सुनाइन् । 'अरु नगर पालिका, जिल्लालाई महत्व नदिने होइन । तर काठमाडौंमै भएकालाई प्राथमिकतामा राखेका छौं । काठमाडौंबाट सम्बन्धित जनशक्ति नपाएपछि बल्ल अरु नगरपालिका र ठाउँबाट मान्छे खोज्छौं', उनले भनिन् ।

### १३ हजार जनाभन्दा बढीको आवेदन

महानगरपालिकाले सीप मेलामा विभिन्न १० क्षेत्रमा विभाजन गरेर २९ प्रकारका पेशागत तालिम सञ्चालन गरिरहेको छ । मेलामा अटोमोबाइल्स, निर्माण, हस्पिटालिटी, सूचना प्रविधि, मेकानिकल, गार्मेन्टस्, ब्युटिसियन, डिजाइनदेखि पुरोहितलगायत क्षेत्र निर्धारण गरेको छ ।

जम्मा २०८१ जनालाई तालिम दिने लक्ष्य राखिएको मेलामा अहिलेसम्म १३ हजारजना भन्दा बढीले आवेदन दिइसकेको काठमाडौं महानगरपालिका सामाजिक विकास शाखाका तालिम संयोजक देवेन्द्र केसीले जानकारी दिए । आएका सबै आवेदनबाट छनोट गरेरमात्रै तालिम दिइने महानगरले जनाएको छ । *(स्रोत: अनलाइनखबर)*

# दयाहाङ स्टारर 'गाउँ आएको बाटो'को टिजर रिलिज



काठमाडौं/'नुमाफुङ' निर्देशक नबीन सुब्बाको कमब्याक फिल्म 'गाउँ आएको बाटो'को टिजर सार्वजनिक गरिएको छ । सोमबार काठमाडौंमा एक कार्यक्रमका बीच सार्वजनिक टिजरले ग्रामीण जीवनको कथा पेश गर्छ । गाउँमा बाटो पुग्नुअघि र बाटोसहित मोटर पुगेपछिको अवस्थालाई देखाउन खोजिएको छ । बाबु-छोराबीचको सम्बन्धको कथा पनि फिल्मले भन्ने टिजरले बुझाउँछ ।

निर्देशक सुब्बाले सन्तान हुर्काउन बाबुले गरेको संघर्षको कथामा फिल्म बनेको बताएका छन् । उनले भने- 'सन्तान हुर्काउन बुबाले गरेको संघर्ष नै यो फिल्मको कथा हो । कति दु:ख-कष्ट गरेर बुबाआमाले सन्तान हुर्काएका हुन्छन् भन्ने फिल्मले देखाउँछ ।' उनले 'गाउँ आएको बाटो'ले विभिन्न फेस्टिभल चहारेको भए पनि बुझ्न नसकिने फिल्म नरहेको दाबी गरे । फिल्ममा सामान्य तरिकाले कथा भनिएको उनको भनाई छ ।

'यो फिल्म अत्यन्त सरल र साधारण छ । धेरैलाई फेस्टिभल भन्ने वितिक्कै बुझ्नै नसकिने फिल्म छ कि भनेर हाउगुजी लागिहाल्छ । तर, फिल्म त्यस्तो छैन,' उनले अगाडि भने, 'मेरो पहिलादेखिको ध्येय के हो भने देश र विदेशका दर्शकलाई नजोडिकन् नेपाली फिल्म माथि उठ्दैन । त्यसका लागि हामीले हाम्रो उद्योगको आफ्नै अनुहार बनाउनुपर्छ । घरेलु र बाहिर जाने फिल्मबीच हातेमालो हुनुपर्छ ।' फिल्म क्षेत्रलाई अगाडि बढाउन यस्ता फिल्म चल्न आवश्यक रहेको उनी औंल्याउँछन् ।

त्यस्तै, फिल्मका मुख्य अभिनेता दयाहाङ राईले गाउँमा गाडी आएपछिको परिवर्तनको कथा फिल्मले देखाउने प्रस्ट्याए । उनले भने- 'गाउँमा बाटो मात्रै आउँदैन, त्यससँगै धेरै कुरा आउँछ । त्यसले गाउँबाट धेरै कुरा लान्छ पनि होला । गाउँमा सडक आएपछिको परिवर्तन फिल्ममार्फत देखाउने प्रयास गरिएको छ ।' उनी दर्शकलाई फिल्म मनपर्नेमा विश्वस्त देखिए ।

आगामी जेठ २५ गतेबाट सार्वजनिक प्रदर्शनमा आउन लागेको फिल्ममा दयाहाङको छोराको भूमिकामा प्रसान राई र श्रीमतीको भूमिकामा पशुपति राई छिन् । उनीहरुका साथै खानुमा राई, केशव राई, प्रमिशा राई, प्रेम सुब्बा लगायतको पनि अभिनय छ । निर्देशक सुब्बा र महेश राईले फिल्मको पटकथा तयार पारेका हुन् । फिल्मको निर्मातामा अमोद राई र निर्देशक सुब्बा छन् भने भने कार्यकारी निर्माता सञ्जु राई, देवराज राई, नरहाङ राई र भीम राई हुन् ।

# 'खजुरे ब्रो' गीतमा नीति र रेअरको प्रेम



काठमाडौं/यही बैशाख २८ गतेबाट प्रदर्शनमा आउन लागेको कमेडी ड्रामा फिल्म 'खजुरे ब्रो'को नयाँ सार्वजनिक गरिएको छ । 'मैले फकाएर मात्र' बोलको रोमान्टिक गीतमा अनमोल गुरुङको शब्द रचना, संगीत तथा स्वर छ भने रिकेश गुरुङको संगीत संयोजन छ । गीतको भिडियोमा फिल्मका मुख्य अभिनेता रेअर राई र अभिनेत्री नीति शाह प्रेमिल भावमा प्रस्तुत छन् । कहीँ रेअर रिसाएकी नीतिलाई फकाउँदै देखिएका छन् भने कहीँ दुवै लुकामारी खेलिरहेका छन् । उनीहरुको केमेस्ट्री रोचक देखिन्छ ।

सुरज सुनुवारको लेखन तथा निर्देशनमा तयार भएको फिल्ममा रेअर र नीतिका साथै नवीन मानन्धर, महेश त्रिपाठी, विनीता थापा, पुष्कर कार्की, प्रकाश भुजेल, मनिष राउत, प्रेम सुब्बा, सुजाता राई, दीपचन्द्र राई, शान्तिला तामाङ लगायतको पनि अभिनय छ । कुनै समय धरानमा चर्चित मानिएका खजुरे पात्रबाट प्रभावित भएर फिल्म बनेको हो । त्यो पात्रमा रेअरले अभिनय गरेका छन् ।

दिव्य दृश्य इन्टरटेन्मेन्टले मान्द्रो प्रोडक्सन र मल्टी प्रपोज प्रालिसँगको सहकार्यमा निर्माण भएको फिल्मको निर्माता नवीन मानन्धर र सुरज सुनुवार हुन् । फिल्ममा सुनिल श्रेष्ठ, अनिल मानन्धर र पिकेश मानन्धर सह-निर्मातामा छन् भने डायमण्ड उप्रेती कार्यकारी निर्माता हुन् । शिशिर विशंखेको छायांकन रहेको फिल्ममा मित्र डी गुरुङको सम्पादन छ ।

निर्देशक सुनुवारले फिल्म रमाइलो बनेको बताएका छन् । उनी भन्छन्, 'यो पूर्ण रुपमा कमेडी फिल्म हो । यद्यपि, यसमा कमेडी मात्र छैन, अरु रसहरु पनि छ । समग्रमा भन्नुपर्दा मनोरञ्जन हेतुले फिल्म बनाएका हौं । यसमा गम्भीर कथावाचन छैन, रमाइलो लाग्ने फिल्म बनेको छ ।' यसअघि उनले 'षडङ्ग' निर्देशन गरेका थिए ।

# बिदा लिएर निजीमा काम गर्ने स्वास्थ्यकर्मीलाई कारबाही गर्दै मन्त्रालय




काठमाडौं/स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सरकारी संस्थामा बिदा लिएर निजी तथा गैरसरकारी संस्थामा काम गर्ने चिकित्सक, स्वास्थ्यकर्मी तथा कर्मचारीलाई कारबाही गर्न थालेको छ ।

स्वास्थ्य मन्त्रालयका मातहातमा रहेका चिकित्सक, स्वास्थ्यकर्मी र कर्मचारीले अध्ययन, असाधारण, घर बिदा, बिरामी बिदा, भैपरी आउने र पर्वजस्ता बिदा लिएर निजी तथा गैरसरकारी संस्था काम गर्ने प्रवृत्ति बढ्दै गएको गुनासो आएपछि मन्त्रालयले कारबाही थालेको हो ।

स्वास्थ्य मन्त्रालयका सचिव मधुसुदन बुर्लाकोटीले प्रतिष्ठान, विभाग, अस्पाताल र केन्द्रलाई निर्देशन जारी गर्दै गैरजिम्मेवारीपूर्ण काम गर्ने जो-कोहीलाई कानुन बमोजिम हैदसम्म कारबाही गरिने चेतावनी दिएका छन् ।

'केही कर्मचारीले विदेशमा समेत गएर काम गरी आफू जिम्मेवार रहेको निकायमा चिकित्सकीय तथा स्वास्थ्य सेवा प्रवाह नगरी गैरजिम्मेवारीपूर्ण कार्य गरेकाले स्वीकृत गरेको बिदा रद्द गर्नका लागि विभिन्न निकायको गुनासो प्राप्त भएको छ,' निर्देशनमा भनिएको छ, ' यस्ता त्रियाकलाप भए गरेको पाइएमा कानुन बमोजिम हदैसम्म कारबाही हुनेछ ।'

स्वास्थ्य सेवा ऐन, २०५३ र नियमावली, २०५५ मा सबै सरकारी कर्मचारीको समय नेपाल सरकारको अधिनमा हुने र बिदा अधिकारको कुरा नभएर सहुलियत मात्रै भएको स्पष्ट कानुनी व्यवस्था रहेको बुर्लाकोटीले उल्लेख गरेका छन् ।

'कर्मचारीले नियमावली अनुसार बिदा लिन पाउने र जुन उद्देश्यले लागि बिदा लिएको सोही प्रयोजनामा उपयोग गर्नुपर्ने हुन्छ,' सचिव बुर्लाकोटीले भने, 'एउटा बिदा लिएर अर्को काम गरेको भेटिए बिदा रद्द गरी कारबाही हुनेछ ।'

सचिव बुर्लाकोटीले स्वदेशी तथा विदेशी निजी स्वास्थ्य संस्थाले सरकारी चिकित्सक, स्वास्थ्यकर्मी एवं कर्मचारीले त्यस्तो कार्य गरेको देखिएमा मन्त्रालयमा तथा सम्बन्धित निकायमा जानकारी गराउन समेत आमसर्वसाधारणसँग अनुरोध गरेका छन् । *(स्रोत: अनलाइनखबर)*

# जसपा फुटेपछि अलमलिए माधव नेपाल



काठमाडौं/सत्तारुढ घटक एकीकृत समाजवादीले पार्टी विभाजनसम्बन्धी चलेको हल्ला निराधार भएको निर्णय सार्वजनिक गरेको छ । जनता समाजवादी पार्टी, नेपाल विभाजन भएको भोलिपल्ट (सोमबार) बोलाइएको संसदीय दलको बैठकले हल्लाको पछाडि नलाग्न आग्रह समेत गरेको छ ।

'' संसदीय दल सम्बन्धमा चलाइएका चर्चा एवं हल्लाहरु गलत रहेको र त्यस्ता भ्रमहरुमा नपर्न सबैलाई अनुरोध गर्दै पार्टी संसदीय दल एकताबद्ध रहेको प्रतिबद्धता व्यक्त गरेको छ', प्रमुख सचेतक मेटमणि चौधरीले जारी गरेको वक्तव्यमा भनिएको छ ।

उपेन्द्र यादव सत्ता गठबन्धन परिवर्तन गर्न लागेको भन्दै अशोक राईसहित सात सांसदले जसपा विभाजित गरेकाले एकीकृत समाजवादी समेत फुट्न सक्ने आशंका गरिएको थियो । किनकि यो सत्ता समीकरणको आयुबारे यो दलका अध्यक्ष माधवकुमार नेपालले सार्वजनिक रुपमै चर्को टिप्पणी गर्दै आएका थिए ।

उनले सत्ता समीकरण फेरिनसक्ने आशयसहित लगातार अभिव्यक्ति दिनुको पछाडि उपेन्द्रले आफ्नो साथ नछोड्ने विश्वास लुकेको थिएन । किनभने विभाजन हुनुअघिको जसपा र एकीकृत समाजवादीको निर्णयले नेकपा एमाले नेतृत्वको वर्तमान सत्ता समीकरण अल्पमतमा पर्न सक्थ्यो ।

तर अल्पमतको खतरा टार्न सत्ताकै सहयोगमा सत्तारुढ दल नै फुटाइएको ब्रिफिङ सांसदहरुसँग अध्यक्ष नेपालले गरेका छन् । 'जसपा विभाजनको मुख्य डिजाइनर केपी ओली हुन्, त्यसमा प्रचण्डले साथ दिनुभयो', नेपालले भनेका थिए ।

'एकीकृत समाजवादीको मनोविज्ञान कमजोर बनाउने डिजाइनमै जसपा फुटाइएको ब्रिफिङ अध्यक्षले सुनाउनुभयो', बैठकमा सहभागी एक सांसदले भने । उनका अनुसार, दलका नेता एवं अध्यक्ष नेपालले जसपा विभाजन गैरकानुनी भएको समेत बताएका थिए ।

'ठूला दलहरु तोडफोडमा (अरु दल फुटाउन) लाग्यो, कानुनको मतलव गर्न छोड्यो । दायित्वबाट भाग्यो, यस्तो अवस्थामा हामी जिम्मेवार भएर अगाडि बढ्नुपर्छ', अध्यक्ष नेपालको भनाइ थियो ।

सांसदहरुको कुरा सुनेपछि माधव नेपालले सार्वजनिक टिप्पणी भइरहेजस्तो अर्को समीकरण बनाउन सक्रिय नभएको पनि बताए । नेपाली कांग्रेस सभापति शेरबहादुर देउवासँग भेटेको कुरालाई नै आधार मानेर अर्को समीकरण बनाउन सक्रिय भएको आरोप लगाउनु गलत भएको अध्यक्ष नेपालको तर्क थियो ।

'सुदूरपश्चिमको नेतृत्व हामीले पाउने सहमति थियो, त्यसबाट ओली र प्रचण्ड पछाडि हटेकाले देउवासँग भेटेको हो । अर्को सरकार बनाउन भनेर बाहिर भनेजस्तो होइन', अध्यक्ष नेपालले भनेका थिए । देउवा र उपेन्द्रसँग नयाँ समीकरण बनाउन सक्रिय भएको आरोप लगाएर आफूलाई अपमानित गर्न खोजिएको पनि अध्यक्ष नेपालको प्रष्टोक्ति थियो । 'गठबन्धनमा सहअस्तित्वको कुरा गरिरहेका छौं, तर हामीलाई अपमान गर्न आरोपहरु लगाइदैछ', अध्यक्ष नेपालको भनाइ उदृत गर्दै अर्का सांसदले भने ।

सँगै अध्यक्ष नेपालले पार्टीको एकताबारे पनि चलाइएको हल्ला चिर्न साझा प्रतिवद्धताको प्रस्ताव गरेका थिए । 'हल्ला चलेपछि सबै सांसद एकताबद्ध रहेको प्रतिबद्धता गरेका छौं', उपमहासचिव प्रकाश ज्वालाले भने ।

सांसदहरु एकताबद्ध रहने प्रतिवद्धता बैठकबाट गरिनुमा पार्टी विभाजनको आशंका चिर्नु नै हो । 'कानुनी रुपमा पनि एकीकृत समाजवादी फुट्न मिल्दैन । तर आशंका भएकाले एकताबद्ध रहने प्रतिबद्धता गरेका हौं', उपाध्यक्ष बेदुराम भुसालले बताए ।

नेताहरुका अनुसार, प्रधानमन्त्री प्रचण्ड र सत्ता समीकरणप्रति असन्तुष्टि रहेपनि अहिलेको सत्ताकै पक्षमा उभिने निष्कर्ष समेत बैठकले निकालेको छ । 'गठबन्धनमा केही समस्या भयो भने छलफल गरेर टुंगो लगाउनुपर्छ, तर अहिले फरक ढंगले सोच्नु हुँदैन भन्ने भयो', उपमहासचिव ज्वालाले भने ।

अहिलेको परिस्थितिमा सत्तारुढ गठबन्धनकै पक्षमा उभिने निष्कर्ष बैठकले निकालेपनि अध्यक्ष नेपालले भने यो समीकरणमा अझै विश्वासको वातावरण नरहेको आशय सुनाएका छन् । *(स्रोत: अनलाइनखबर)*

# 'वसन्त'लाई प्रकाशले किन भने पहिलो फिल्म ?




काठमाडौं/गीतसंगीत क्षेत्रमा गायक प्रकाश सपूतले आफ्नो फराकिलो प्रकाश छरिसकेका छन् । उनका गीत जति चर्चित हुन्छन्, त्यत्तिकै प्रभावशाली हुन्छन् गीतमा उठाइएका मुद्धा पनि । उनका गीतमा समाजको यथार्थ चित्रण भेटिन्छ । यसैले त उनका जुन गीत आए पनि त्यसले एकखालको हलचल ल्याउने गरेका छन् । गीत लेखन र म्यूजिक भिडियोमा उनको कथावाचन शैली तिख्खर र निख्खर देखिन्छ ।

अब प्रकाश फिल्ममा कथा भन्ने तयारीमा छन् । उनको डेब्यु निर्देशनमा बन्न लागेको फिल्म 'वसन्त'को आइतबार काठमाडौंमा एक कार्यक्रमका बीच घोषणा गरियो । यसमा प्रकाशको निर्देशनसँगै लेखन, अभिनय, संगीत तथा निर्माण पनि रहनेछ । फिल्ममा उनले वर्ण व्यवस्था र जात व्यवस्थाले पिल्सिएको दलित समुदायको कथा उठान गर्दैछन् ।

अभिनयको हिसाबले 'वसन्त' प्रकाशको दोस्रो फिल्म हुनेछ । गत वर्ष प्रदर्शनमा आएको फिल्म 'परदेशी २'बाट उनले डेब्यु गरेका थिए । यो फिल्म व्यावसायिक रुपमा सफल पनि भयो । तर, प्रकाशले 'वसन्त'लाई आफ्नो पहिलो फिल्म भनेर घोषणा गरेका छन् । फिल्मको थिम पोस्टरमै लेखिएको छ, 'प्रकाश सपूतको पहिलो चलचित्र ।' उनले निर्देशन भनेर उल्लेख नगरेकाले यसले अभिनयको अर्थ बुझाउँछ । त्यो हुँदा 'परदेशी २'लाई उनले स्वीकार नगरेको बुझिन्छ ।

फिल्मको घोषणा सभामा पनि यही प्रश्न उठेको थियो । निर्देशन भनेर उल्लेख गर्दा कलाकारिता नबुझाउने भएकाले पहिलो फिल्म भनिएको प्रकाशको तर्क थियो । तर, यसलाई सच्याउने उनले वाचा गरे । उनले भने, 'निर्देशित हुनुपर्ने हो तर त्यसले कलाकारिता र निर्माणलाई सम्बोधन नगर्ने भयो । अरु निर्देशक/निर्माताले पनि आफ्नो फिल्म भनेर राख्नुहुन्छ । मैले पनि निर्देशक र मेकरको रुपमा पहिलो फिल्म भनेर राखेको हुँ ।'

'वसन्त'लाई आफ्नो पहिलो फिल्म भन्दा 'परदेशी २'मा काम गरिसकेको इतिहास भेटिने हो कि भन्ने आफूलाई पनि महशुस भएको प्रकाशले बताए । 'मैले पहिला फिल्ममा काम गरिसकेको छु, त्यो एउटा इतिहास मेटिने हो कि भन्ने लागेको थियो । सम्भवत: अब यसलाई सच्याउन सकिन्छ । निर्देशन र निर्माण गरेको पहिलो फिल्म भनेर सम्बोधन गर्ने एउटा राम्रो भाषा छान्नेछौं,' उनले भने । आफ्नो जीवनको पहिलो फिल्म सम्झिँदा 'परदेशी २' नछुट्ने पनि उनको भनाई थियो ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# विकट खैराङ क्षेत्रमा बस चलाउने अध्यक्ष मल्लको प्रतिबद्धता

साझाकुरा संवाददाता

हेटौंडा, २४ वैशाख/ साना बोलेरो भ्यानको असुरक्षित यात्राबाट चौतर्फी आलोचना खेप्दै आइरहेको विकट राक्सिराङ गाउँपालिका-९ खैराङ क्षेत्रलाई लक्षित गरी अर्को वर्षबाट यात्रुबाहक बस चलाउने गरी रुट अनुमति लिइने गाउँपालिका अध्यक्ष राजकुमार मल्लले प्रतिबद्धता जनाएका छन् ।

उनले जिल्ला प्रशासन कार्यालय, ट्राफिक प्रहरी कार्यालय, जिल्ला प्रहरी कार्यालयलगायत नियामक निकायले अहिले पनि बोलेरो भ्यानले ओभरलोड बोकिरहेको र क्षमताभन्दा बढी यात्रु बोकिरहेको भन्दै गुनासो गरिरहेको सुनाए । 'यो क्षेत्रमा अहिले बोलेरोबाहेक यात्रु बोक्ने अरु सबारी साधन चलेको छैन ।,' अध्यक्ष मल्लले भने, 'अर्को वर्ष यस क्षेत्रमा रुट परमिट लिएरै बस चलाएर सहज ढंगले यात्रु ओसार पसार गर्ने व्यवस्था मिलाइनेछ ।,'



राक्सिराङ गाउँपालिका-९ मा आयोजित सार्बजनिक सुनुवाइ कार्यक्रममा अध्यक्ष मल्लले आफू गाविसको अध्यक्ष हुँदादेखिकै खैराङमा अस्पताल बनाउने सपना पूरा हुँदै गएको जानकारी दिए । सडक व्यवस्थापन गरी १२ महिना चल्ने बाटो निर्माणका लागि संघीय र प्रदेश सरकारलाई समेत साथमा लिएर खैराङबासीको हितका लागि योजना निर्माण भइरहेको उनको भनाई थियो ।

कार्यक्रममा गाउँपालिका अधिकृत गोविन्द अधिकारीले पालिकाको स्वास्थ्य, शिक्षा, सामाजिक विकास, सुशासन लगायतका विषयमा उठेका प्रश्नको जवाफ दिएका थिए । राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति राजन मल्लसहितले कार्यक्रममा मन्तब्य ब्यक्त गरेका थिए भने पानी, विजुली, सडक, शिक्षक दरबन्दी, उपभोक्ता समितिको सामान खरिद दररेट लगायत सन्दर्भमा स्थानीयबासीले प्रश्न, गुनासा र सुभाव दिएका थिए । कार्यक्रम ९ नम्बर वडाध्यक्ष रामकुमार बाल्पा थिङका अध्यक्षतामा भएको हो ।

# चर्चामा आउँदै कोटथुम्की भ्यूप्वाइन्ट

साझाकुरा संवाददाता

हेटौंडा, २४ वैशाख/ मकवानपुरको थाहानगर आफैंमा पर्यटकीय नगरी हो । पर्यापर्यटनको प्रचुर सम्भावना बोकेको थाहानगरका कतिपय पर्यटकीय क्षेत्र ओझेलमा परि रहेका छन् ।

स्थानीय सरकारले ओझेलमा परेको पर्यटकीय क्षेत्रलाई प्रचारमा ल्याउने र पर्यटकीय चहलपहल बृद्धि गर्ने योजना अघि सारेपछि कोटथुम्कीमा पनि पर्यटक आउन थालेका छन् । यहाँका हरेक थुम्का र डाँडा प्राकृतिक भ्युटार हुन् । ठाउँठाउँको आ-आफ्नै विशेषता रहेको छ । यस्तै, विशेषताले भरिएको थाहा नगरपालिका पालुङको कोटथुम्की डाँडाबाट निकै राम्रो सूर्योदय अवलोकन गर्न सकिन्छ ।

समुन्द्री सतहबाट करिब २ हजार ४५० मिटरको उचाइमा रहेको कोटथुम्की ऐतिहासिक मात्र नभएर प्राकृतिक दृष्टिकोणले राम्रो भ्यूप्वाइन्ट हो । कोटथुम्की र आसपासका क्षेत्रबाट विभिन्न १० भन्दा बढी हिमश्रृंखलाको राम्रोसँग अवलोकन गर्न सकिने स्थानीय बताउँछन् । मौसम खुलेको समयमा कोटथुम्कीबाट सगरमाथा पनि देखिन्छ । अग्लो डाँडा भएकाले यहँबाट गोर्खा, धादिङ, नुवाकोट, काठमाडौं पनि देखिन्छ ।

पर्यटकीय क्षेत्रको रुपमा कोटथुम्कीलाई विकास गर्नसके पर्यटन प्रवर्द्धनमा टेवा मिल्ने थाहानगरका पूर्वनगरप्रमुख लवशेर बिष्ट बताउँछन् । थाहानगरमा रहेका पर्यटकीय क्षेत्रको डीपीआर तयार गरी सुदृढीकरण र पर्यटन प्रबर्द्धनको काम आफूले थालनी गरेको बिष्ट बताउँछन् । कोटथुम्की आसपासका क्षेत्रमा पर्यटक लक्षित होटल, होमस्टे निर्माण गरी गर्मी मौसममा तराई क्षेत्रका पर्यटक आकर्षित गर्न सकिने पूर्वनगरप्रमुख बिष्ट बताउँछन् ।

# मकवानपुरगढीमा कृषिसम्बन्धी छलफल

साझाकुरा संवाददाता

हेटौंडा, २४ वैशाख/ मकवानपुर उद्योग वाणिज्य संघले मकवानपुरगढी गाउँपालिकामा कृषिसम्बन्धी छलफल गरेको छ । पालिका उपाध्यक्ष मानकुमारी पाख्रिन, प्रमुख प्रशासकीय अधिकृत राजेन्द्र कार्की र कृषि शाखाप्रमुख चन्द्रकान्त चौधरीको उपस्थितिमा छलफल गरेको हो ।

संघका अध्यक्ष कृष्णकुमार गुप्ताको नेतृत्वको टोली गाउँपालिका पुगेर छलफल गरेको हो । संघका अध्यक्ष गुप्ताले मकवानपुरगढीका किसान तथा कृषिउद्यमी लाभान्वित हुने अपेक्षासहित कृषिसम्बन्धी छलफलको आयोजना गरिएको बताए । कार्यक्रममा कृषिउपजको समयमै ढुवानी आवश्यक रहेको, किसानले उचित बजारमूल्य नपाएको लगायत विषय उठान भएको थियो । गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत कार्कीले बजार प्रवर्द्धन प्रभावकारी भएमा अर्गानिक कृषि उत्पादनले राम्रो बजार पाउने, मकवानपुरगढीमा खोलाको नजिक



माछापालन सहित होमस्टेको सम्भावना रहेकाले लगानीकर्ता जुटेमा पालिकाले सहजिकरण गर्ने बताए ।

कृषि शाखाप्रमुख चौधरीले आगामी आर्थिक वर्षबाट किसान परि चयपत्र प्रभावकारी रुपमा वितरण गर्ने, किसानको उद्यमलाई साना, मझौला र ठूला गरी वर्गीकरण गरिने जानकारी दिए । गाउँपालिका उपाध्यक्ष पाख्रिनले किसान र उपभोक्ता दुवैले न्यायोचित मूल्य नपाएको, सहकारी संस्थामार्फत किसानका उत्पादन बिक्री गरिरहेको, कोदो, फापर, धान र जुनेलोको न्यूनतम समर्थन मूल्य तोकिनुका साथै किसानलाई प्रतिकिलो उत्पादनमा अनुदान प्रदान गरिरहेको जानकारी दिँदै आगामी वर्षबाट दूध किसानलाई अनुदान वितरण गरिने बताइन् ।

पालिकामा बुढीचौर तरकारी उत्पादनमा अग्रस्थानमा रहेको, केही वडामा बाख्रापालन प्रभावकारी देखिएको, कृषिको क्षेत्रमा सम्भावनायुक्त रहेको, सबैको सामूहिक पहलमा कृषिमार्फत निराशा हटाउन सकिने उनको भनाई थियो ।

# रविलाई बाहिर राख्नेगरी छानबिन समिति बन्न नसक्ने कांग्रेसको अडान

काठमाडौं, २४ वैशाख/ प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले सहकारी प्रकरणको छानबिनका क्रममा गृहमन्त्री रवि लामिछानेमाथि अनुसन्धान नहुने गरी संसदीय छानबिन समिति गठन हुन नसक्ने अडान राखेको छ । गृहमन्त्री लामिछानेलाई समेत छानबिन गर्ने गरी छानबिन समिति बन्नुपर्ने कांग्रेसको माग छ ।

गृहमन्त्री लामिछानेमाथि अनुसन्धान नहुने शर्तसहितको छानबिन समिति बनाउने पक्षमा सत्ता गठबन्धन भए त्यसलाई अस्वीकार गर्ने कांग्रेसले जनाएको छ । अनुसन्धानको क्रममा छानबिन गर्ने निकायसँग सम्बन्धित गृहमन्त्री नै संलग्न भएको विषयलाई नजर अन्दाज गरेर छानबिन समिति गठनको औचित्य नहुने कांग्रेस प्रमुख सचेतक रमेश लेखकले बताए ।

'गृहमन्त्री छानबिन नगर्ने हो भने अनुसन्धानलाई ठिक ठाउँमा पुर्‍याउँदैन । गृहमन्त्रीमाथि पनि छानबिन हुनुपर्छ,' लेखकले संचारकर्मीसँग भने । संकटग्रस्त भएका समग्र सहकारीहरुको छानबिन गर्दा अनुसन्धानको दायरामा गृहमन्त्री पनि हुनुपर्ने उनले बताए ।

प्रमुख प्रतिपक्ष दलसमेत रहेको कांग्रेसले सहकारीको रकम अपचलनमा गृहमन्त्री लामिछानेमाथि संसदीय छानबिन समितिको माग गर्दै आएको छ । कांग्रेसले संसदमा उक्त विषय निरन्तर उठाएपछि प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' छानबिन समिति बनाउन सकारात्मक देखिएका छन् ।

गत शनिबार बसेको पार्टीको संसदीय दलको बैठकमा प्रधानमन्त्री प्रचण्डले संकटमा रहेका सहकारीको समग्रतामा छानबिन समिति बनाउन सकिने संकेत गरेका हुन् । संसदीय दलको बैठकअघि प्रधानमन्त्री प्रचण्डले गृहमन्त्री लामिछानेलाई भेटेका थिए ।

व्यक्ति तोकेर नभई समग्र समस्या समाधान गर्ने गरी संसदीय समिति बनाउन सकिने प्रचण्डले संसदीय दलमा बताएका थिए । गृहमन्त्री पनि छानबिन समितिका लागि तयार भएको जानकारी प्रचण्डले माओवादी केन्द्रका सांसदहरुलाई गराएका थिए । छानबिन समिति गठनका लागि गठबन्धनमा सल्लाह गरेर सर्वदलीय बैठक बोलाउने प्रचण्डले बताएका थिए ।

संकटग्रस्त सहकारीको समग्रतामा समाधान खोज्न रास्वपा पनि तयार देखिएको छ । व्यक्ति केन्द्रित नभई सहकारीमा देखिएका सबै समस्या समाधान निकाल्ने छानबिन समितिका लागि तयार भएको रास्वपा महामन्त्री एवं पार्टी प्रवक्ता मुकुल ढकालले जानकारी गराए ।

प्रधानमन्त्री प्रचण्डले समग्रतामा समाधान निकाल्ने गरी धारणा राखेको उल्लेख गर्दै ढकालले भने, 'प्रधानमन्त्रीले सम्पूर्ण सहकारी समाधानका लागि छानबिन समिति बनाऔं भन्नुभएको हो । समग्र समस्या समाधान गर्ने गरी बन्ने छानबिन समितिका लागि हामी तयार छौं ।'

सहकारी प्रकरणमा गृहमन्त्री जोडिएको विषय कांग्रेसले प्रधानमन्त्रीको जवाफ माग गरेपछि ६ चैतमा प्रधानमन्त्री प्रचण्डले संसदमा जवाफ दिएका थिए । प्रधानमन्त्रीको जवाफबाट कांग्रेस सन्तुष्ट हुन सकेन । उक्त मुद्धालाई संसदमा निरन्तर उठाइराख्यो । गृहमन्त्री लामिछानेले संसदमा आफूले जवाफ दिन माग गरेपनि उनलाई सुन्न कांग्रेस तयार भएको थिएन । रास्वपा सरकारमा सहभागी भएपछि कांग्रेसले यो विषय उठाएको भन्दै प्रधानमन्त्री प्रचण्डले लामिछानेलाई 'क्लिन चिट' दिएका थिए ।

गृहमन्त्री लामिछानेमाथि उठाएको प्रश्न नै नाजायज रहेको प्रचण्डको दाबी थियो । लामिछानेको बचाउनमा उत्रदैं कांग्रेसलाई प्रधानमन्त्रीको ६ चैतमा संसदमा भने, 'मुद्दा बुझाइसक्दासम्म उहाँको नाममा उजुरी, निवेदन केही छैन ।'

प्रधानमन्त्रीको जवाफबाट असन्तुष्ट कांग्रेसले गृहमन्त्रीलाई संसदमा सुन्न अस्वीकार गरिरह्यो । प्रधानमन्त्रीको कुरा सुनिसकेकाले गृहमन्त्रीको जवाफको अर्थ नहुने कांग्रेसको निचोड छ । कांग्रेसलाई सहमतिमा ल्याएर सदन खुलाउन प्रधानमन्त्री प्रचण्ड र सभामुख देवराज घिमिरेले प्रयास गरे पनि कांग्रेसले विफल बनाइदियो ।

संसदीय छानबिन समितिको अडानबाट कांग्रेस टसमस भएको अवस्थामै ३ वैशाखमा सरकारले संसद बैठक अन्त्य गरिदियो । सरकारले हठात् संसद बैठक अन्त्य गरेको कांग्रेस सांसद रामहरि खतिवडा बताउँछन् । छानबिन समिति गठनका विषयमा यो बीचमा सत्ता पक्षसँग संवाद नभएको उनले बताए । 'केही छलफल पनि भएको छैन । निष्पक्ष छानबिन समितिबाट तलमाथि हुने कांग्रेसको कुरै छैन' खतिवडाले भने ।

संसदीय छानबिन समितिलाई 'बटमलाइन' बनाएर कांग्रेस अघिल्लो संसद बैठकमा प्रस्तुत भएको थियो । संसदीय दलको बैठक बोलाएर सरकारलाई कांग्रेसले छानबिन समिति गठनका लागि २७ चैत सम्मको अल्टिमेटम दिएको थियो ।

(स्रोत: अनलाइनखबर)

# ललितपुरमा जलेर घाइते भएका दुई बालिकाको मृत्यु



काठमाडौं, २४ वैशाख/ ललितपुरको ग्वार्कोस्थित एक टहरामा आगलागी हुँदा घाइते भएका एकै परिवारका ५ सदस्यमध्ये दुई बालिकाको मृत्यु भएको छ ।

आगलागीमा जलेर घाइते भएका ८ वर्षकी प्रिया गिरी र ३ वर्षकी एलिसा गिरीको सोमबार साँझ मृत्यु भएको जानकारी उनीहरु उपचाररत अस्पतालले दिएको जिल्ला प्रहरी परिसर ललितपुरका प्रवक्ता नरेशराज सुवेदीले जानकारी दिए ।

आइतबार ललितपुर महानगरपालिका-१७ ग्वार्कोस्थित मोबिल स्टोर गर्ने कोठामा आगलागी हुँदा सञ्जय गिरीको परिवारका ५ सदस्य गम्भीर घाइते भएका थिए । उनीहरुमध्ये दुई छोरीको सोमबार मृत्यु भएको हो ।

घरमुली ३५ वर्षका सञ्जय गिरी र उनकी पत्नी ३२ वर्षकी रुपा गिरीको किस्ट अस्पतालकै आईसीयूमा उपचार भइरहेको छ । सञ्जयलाई भेन्टिलेटरमा राखेर उपचार गरिएको अस्पतालले जनाएको छ ।

अस्पतालले सोमबार जारी गरेको विज्ञप्ति अनुसार सञ्जय र रुपाको अवस्था जटिल रहेको अस्पतालले जनाएकको छ । आगलागीमा उनीहरुसँगै जलेर घाइते भएका भतिज १५ वर्षका नित गिरीको अवस्था भने सामान्य छ । उनलाई जनरल वार्डमा सारेर उपचार गरिएको अस्पतालले जनाएको छ ।

# इनड्राइभ औपचारिक रूपमा सुरू

काठमाडौं, २४ वैशाख/ राइड सेयरिङ एप इनड्राइभले सोमबारदेखि औपचारिक रूपमा नेपालमा सेवा सुरू गरेको छ । करिब ३ वर्ष सेवा दिइसकेपछि इनड्राइभले औपचारिक रूपमा कम्पनीमा दर्ता भएर सेवा दिन थालेको हो ।

कम्पनीले औपचारिक सेवा दिन थालेसँगै चालकबाट कमिसन लिन थालेको छ । यसअघि चालकबाट कमिसन नलिने कम्पनीले सोमबारदेखि १० प्रतिशत कमिसन लिने इनड्राइभ नेपालकी निर्देशक रिता पोखरेलले जानकारी दिइन् ।

उनका अनुसार इनड्राइभले काठमाडौंका साथै पोखरा र चितवनमा सेवा सुरू गरेको छ । छिट्टै अन्य सहरमा सेवा सुरू गर्नुका साथै कुरियर र कार्गो सेवा पनि थाल्ने कम्पनीले जनाएको छ ।

यस्तै इनड्राइभले काठमाडौंमा ट्याक्सी, मोटरसाइकल, डेलिभरी, एक शहरदेखि अर्को शहर सेवाहरू प्रदान गर्ने जनाएको छ । यका साथै इनड्राइभ चढ्रुने यात्रु र चालक दुवैले एक अर्काको रेटिङ र उनीहरूले गरेका यात्राका आधारमा कोसँग यात्रा गर्ने भनेर छान्न सक्नेछन् ।

यात्रुले सवारीको समयमा एपमा लाइभ राइडिङ विवरण सेयर गर्न मिल्ने र सेभ आवर सोल्स बटनको समेत सुविधा रहेको कम्पनीले जनाएको छ । यतिमात्रै नभएर अप्रत्याशित परिस्थिति आइपरेमा यात्रुले चाँडै सहयोग पनि लिन सक्ने कम्पनीले जनाएको छ ।

इनड्राइभले यात्रुका लागि बीमाको व्यवस्थाका लागि पनि प्रक्रिया अघि बढाइसकेको जानकारी दिएको छ । कार्यक्रममा इनड्राइभको एसिया प्यासिफिक कम्युनिकेसन्स प्रमुख पवितनन्दा आनन्दले आफूहरूका लागि नेपालको बजार अत्यन्तै महत्वपूर्ण भएको बताइन् ।

(स्रोत: अनलाइनखबर)


## कर्मचारी आवश्यकता

यस युशेस बचत तथा ऋण सहकारी संस्था लि.का लीग करार सेवामा रहने गरी निम्न अनुसार काम गर्ने कर्मचारीको आवश्यकता भएको हुनाले इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र रित पूर्वक निवेदन आह्वान गरिएको छ ।

**विज्ञापन : १/२०८०/०८१**

१. पद : ऋण सहायक/कम्प्युटर
२. संख्या : १ (एक)
३. परीक्षाको किसिम : लिखित र मौखिक दुवै
४. न्युनतम शैक्षिक योग्यता : १०+२ उत्तिर्ण
५. लिङ्ग : पुरुष
६. उमेर : १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको
७. बान्छनिय योग्यता : कम्प्युटरमा दक्षा तथा सवारी साधन चलाउने अनुमति प्राप्त भएको
८. प्रारिश्रमिक सुविधा : संस्थाको नियम अनुसार हुनेछ ।
९. कामको प्रकृति : कार्यालय/ऋण अनुगमन तथा असुली ।
१०. सम्पर्क : दर्खास्त दिने अन्तिम मितिको भोलिपल्ट दिनको १ बजे ।
११. परीक्षा समय र मिति : सम्पर्क मितिमा जानकारी गराइनेछ ।
१२. परीक्षा दस्तुर : रु. ५००।
**१३. आवश्यक कागजातहरु :**
क. नागरिकताको फोटोकपी
ख. बायोडाटा
ग. शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि
घ. कम्प्युटर तथा अन्य अनुभव सम्बन्धी योग्यताको र चालक अनुमति प्रमाण पत्रको प्रतिलिपि, लाइसेन्सको प्रमाण पत्रको प्रतिलिपि
ङ. पासपोर्ट साइजको फोटो २ थान
च. दरखास्त दिने स्थान: युशेस बचत तथा ऋण सहकारी संस्था लिमिटेडको कार्यालय, हेटौंडा-४, पारिजातपथ ।

थप जानकारीको लागि

**युशेस बचत तथा ऋण सहकारी संस्था लि.**
हेटौंडा-४, पारिजतपथ, फोन : ०५७-५२४४४७



बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
**जनस्वास्थ्य कार्यालय, मकवानपुर**

## जनहितमा जारी सन्देश !

बालबालिकाहरुलाई विभिन्न रोगहरुबाट बचाउन जन्मेदेखि १५ महिना सम्मको उमेरमा १३ वटा रोगहरु विरुद्धका खोपहरु नेपाल सरकारबाट नि:शुल्क उपलब्ध हुन्छ । बालबालिकालाई उमेर अनुसार लगाउनु पर्ने सबै खोपहरु पुरा गराए मात्र बालबालिकालाई स्वास्थ्य राख्न तथा संक्रामक रोगहरुबाट बचाउन सकिन्छ ।

तसर्थ, १५ महिना उमेर भित्रमा लगाउनु पर्ने सबै खोपहरु समयमै पुरा गराऔं । १५ महिनामा लगानुपर्ने दादुरा रुवेला दोस्रो मात्रा र टाईफाइड लगायतका खोपहरु छुट भएको भए नजिकको खोप केन्द्रमा लगि सबै खोपहरु तोकिएको उमेरमा पूरा गराऔं । पूर्ण खोप लिएमा मात्र बालबालिकालाई रोगहरुबाट सुरक्षित राख्न सकिन्छ ।

खोपहरु लगाए पनि सधैं सरसफाईका सबै व्यवहारहरुको पालना गरौं । खोप सम्बन्धी कुनै जानकारी आवश्यक परेमा नजिककै स्वास्थ्य संस्था, स्वास्थ्यकर्मी, म.स्वा.स्वय.से.वा नि:शुल्क कल सेन्टर ११११५ मा सम्पर्क गरौं याद गर्नुहोस । जन्मे देखि १५ महिना सम्मको उमेरमा लगाउनुपर्ने सबै खोपहरु पूरा गराए मात्र बालबालिकालाई स्वास्थ्य राख्न तथा सक्रामक रोगबाट बचाउन सकिन्छ ।

**जिल्ला खोप समन्वय समिति तथा जनस्वास्थ्य कार्यालय मकवानपुर**



हेटौंडामै उत्पादित

# सुदिन ड्राइमिट






**Ready To Eat**

## हाम्रा विशेषताहरू:

- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

**सुदिन प्याकेजिङ्ग उद्योग**
हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना